मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर



● वर्ष २ ● अंक ३० ● २०८० साल पुष ०२ गते सोमबार ● Monday 18, December 2023 ● सूर्योदयः बिहान ६:४८ बजे ● सूर्यास्तः साँझ ५:१५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


# विवाहपञ्चमी महोत्सव सम्पन्न



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
त्रेता युगमा भएको रामसीताको विवाहको स्मरणमा जनकपुरमा मनाइने विवाहपञ्चमी महोत्सव अन्र्तगत आइतबार दिउँसो सीताराम स्वयम्वर र राति विवाह सम्पन्न भएको छ ।

स्वयम्वरका लागि बेहुली पक्षको नेतृत्व गर्दै जानकी मन्दिरबाट सीताको डोलालाई भव्य रुपमा सजाइएको चाँदीको सिंहासनमा राखेर रंगभूमि मैदानमा लगिएको थियो । जहाँ बेहुला पक्षको नेतृत्व गर्दै राम मन्दिरबाट भगवान रामको डोलालाई भव्य रुपमा सजाइएको सिंहासनमा राखेर रंगभूमि मैदान पुर्याइएको थियो ।

अन्य मठमन्दिरबाट ल्याइएको भगवानको डोलाहरु राखेर स्वयम्वर विधि गरिएको थियो । भगवानको डोलालाई राखेर विशेष पूजाआर्जना गरिएको थियो । आश्विन पूर्णिमाका दिन अयोध्याका राजा दशरथ पुत्र रामचन्द्रले तत्कालीन मिथिलाञ्चलको राजधानी जनकपुरमा शिव धनुष उचालेको र त्यसै आधारमा मार्ग शुक्लपञ्चमी तिथिमा सीतारामको विवाह भएको प्रसङ्गअनुसार आइतबार स्वयम्वर आयोजना गरिँदै आएको छ । आइतबार रंगभूमि मैदान (बाह्रबिघा)मा राम मन्दिर र जानकी मन्दिरबाट निस्केको डोला पुगेर मूर्तिको माला फेर भएको हो । यस अवसरमा नेपाली सेनाको हेलिकप्टरले पुष्पवृष्टि गरेको थियो । राति जानकी मन्दिरको प्रांगणमा निर्माण गरिएको भव्य पण्डालमा विवाह महोत्सव आयोजना गरिएको थियो । मैथिल परम्पराअनुसार जानकी मन्दिरमा विवाह गरिएको थियो । विवाह उत्सव अवलोकन गर्न नेपाल तथा भारतसहितका देशहरुबाट श्रद्धालुको घुइँचो लागेको थियो ।

सोही ऐतिहासिक परम्परा जीवन्त राख्न जनकपुरधाममा प्रत्येक वर्ष विवाहपञ्चमी पर्व मनाउने गरिन्छ । स्वयम्वर विधिपछि भगवान राम सीताको डोला नगर परिक्रमा गराइएको थियो । जहाँ श्रद्धालुको लाखौँको संख्यामा सहभागिता थियो । सातदिवसीय विवाहपञ्चमी महोत्सव मनाउने गरिएपछि स्वयम्वर र विवाहमा भने लाखौँको संख्यामा श्रद्धालुको सहभागिता रहने गरेको छ । जनकपुरमा आएका श्रद्धालुलाई विभिन्न युवा क्लबहरुले स्वास्थ्य शिविर, बासस्थान र निःशुल्क भोजन व्यवस्था गर्ने गरेका छन् । यसले जनकपुर आउने श्रद्धालुलाई सहज हुने गरेको छ । यसपटक नेपाल प्रहरी र सशस्त्र प्रहरीले समेत स्वास्थ्य शिविर राखेका थिए । यसअघि पहिलो दिन मङ्गलबार जानकी मन्दिर परिसरमा 'नगर दर्शन' कार्यक्रमसहित सुरु भएको महोत्सवको दोस्रो दिन बुधबार विवाह मण्डपको बगैँचामा फूलबारी लीला भएको थियो । तेस्रो दिन बिहीबार 'धनुष यज्ञ' गरिएको थियो । अयोध्याका राजा दशरथका छोरा भगवान् श्रीराम र मिथिलाका राजा जनककी छोरी सीताको विवाह भएको स्मरणमा मिथिलावासीले यसलाई हरेक वर्ष विशेष महोत्सवका रूपमा मनाउने गर्दछन् । विवाह उत्सवमा सहभागी हुन नेपाल र भारतको विभिन्न स्थानबाट श्रद्धालु जनकपुरधाम आएका छन् ।

विवाहपञ्चमीको भीडमा हुनसक्ने सम्भावित घटना रोक्न जनकपुरधाममा सुरक्षा व्यवस्था कडा पारिएको छ । भीडभाडमा हुनसक्ने अपराधिक घटनालाई रोक्न नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनासमेत खटाइएको छ ।

## ऐनमा एउटा बुँदा थपिँदा १३ अर्ब राजस्व संकलन

**मधेशदृष्टि**
**वीरगंज ।**
चालु आर्थिक वर्षको आर्थिक ऐनमार्फत सरकारले गरेको करसम्बन्धी व्यवस्थाका कारण १३ अर्ब रुपैयाँ बराबरको राजस्व सरकारी खातामा जम्मा भएको छ । महालेखापरीक्षकको कार्यालयले पछिल्लो चार वर्षदेखि कर असुली गर्नुपर्ने भन्दै औँल्याइरहेको विषयमा अर्थमन्त्री डा. प्रकाशशरण महतले आर्थिक वर्ष २०८०–८१ को आर्थिक ऐनमा राखेर कार्यान्वयन प्रक्रिया अघि बढाएका थिए । राससका अनुसार, सरकारको निर्णय र अर्थमन्त्रीको पहलपछि लामो समयदेखि विवादित बनिरहेको विषयले निकासा पाउँदा राजस्व संकलन भएको छ ।

आर्थिक ऐन २०८० को दफा २६ मा सरकारले 'फर्दर पब्लिक अफरिङ (एफपिओ) जारी गरी प्राप्त रकमबाट लाभांशबापत वितरित बोनस शेयरको रकम आयमा समावेश नगरेका निकायबाट कर असुली गर्ने र यस्तो कर मङ्सिर मसान्तसम्ममा तिरेमा थप शुल्क र ब्याज मिनाहा गर्ने' उल्लेख थियो । त्यस्तै आर्थिक ऐनको दफा २७ मा संस्थाहरु एकापसमा गाभिँदा वा प्राप्ति (मर्जर वा एक्विजिसन) हुँदा सौदाबाजी गर्दा प्राप्त हुने लाभ (बार्गेन पर्चेच गेन) बापतको आयलाई कर प्रयोजनका लागि आयमा समावेश गरी कर दाखिल गर्न लगाउने निर्णय व्यवस्था सरकारले राखेको थियो । यसरी निर्धारण भएको कर पनि मङ्सिर मसान्तभित्र दाखिल गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा गर्ने निर्णय सरकारले गरेको थियो ।

आर्थिक ऐनका यी व्यवस्थाबाट मङ्सिर मसान्तसम्ममा करिब १३ अर्ब रुपैयाँ बराबर राजस्व उठेको आन्तरिक राजस्व विभागले जनाएको छ । आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनालीले आर्थिक ऐनको दफा २६ र २७ को व्यवस्थाअनुसार शनिबार सम्ममा १२ अर्ब ८१ करोड रुपैयाँ हाराहारी कर असुली भएको बताए । '५०–६० वटा संस्थाबाट यस्तो कर उठाउनुपर्ने देखिन्छ । कुन संस्थाले कति कर तिर्नुपर्ने हो ? र सरकारले दिएको समयसीमाभित्र उनीहरुले तिरेर छुट सुविधा लिए÷लिएनन् ? भन्नेबारे ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयबाट विवरण सङ्कलन भइरहेको छ,' मैनाली भने, 'अहिलेसम्म १२ अर्ब ८१ करोड रुपैयाँ बराबर कर उठिसकेको भनेर प्रारम्भिक विवरण आएको छ । यसलाई हामी थप विश्लेषण गरिरहेका छौँ ।'

### आर्थिक ऐनमा के छ ?

आर्थिक ऐन २०८० को दफा २६ मा फर्दर पब्लिक अफरिङ (एफपिओ) जारी गरी प्राप्त रकमबाट लाभांशबापत वितरित बोनस शेयरको रकम आयमा समावेश नगरेका निकायलाई शुल्क र ब्याज मिनाहासम्बन्धी व्यवस्था राखिएको छ ।

### कर उठाउनुपर्ने महालेखाको ठहर

महालेखापरीक्षकको कार्यालयले पछिल्लो तीन वर्षदेखि आफ्नो प्रतिवेदनमा सरकारले यस्तो कर उठाउनुपर्ने उल्लेख गर्दै आएको छ । महालेखापरीक्षकको २०७७ सालको ५७औँ प्रतिवेदनमा एफपिओको प्रिमियम र मर्जर तथा एक्विजिसनको 'बार्गेन पर्चेच गेन' मार्फतको कर असुली गर्नुपर्ने उल्लेख छ । त्यसपछिका आफ्ना हरेक प्रतिवेदनमा महालेखाले यो विषय उठाइरहेको छ । विभिन्न कम्पनीले मुनाफा बाहेकको लाभांश वितरण गरेकामा त्यसबाट सिर्जित राजस्व छुट हुन गएको महालेखाले औँल्याएको भए पनि आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयले छुट भएको कर रकम असुल गर्ने प्रक्रिया अघि बढाएको थिएन । तर चालु आर्थिक वर्षको आर्थिक ऐनमार्फत अर्थमन्त्री डा. महतले यस्तो कर उठाउने र करदातालाई सुविधाका रुपमा ब्याज छुट दिने व्यवस्था ल्याए । महालेखाको प्रतिवेदनले औँल्याएका विषयलाई सरकारले कानुन बनाएर कार्यान्वयन गरेको थियो ।




# पुस्तक हस्तान्तरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सहिद तथा बेपत्ता योद्धा सन्तति फाउन्डेसनले सुनसरीस्थित सहिद स्मृति आवासीय माध्यमिक विद्यालयलाई पुस्तक सहयोग गरेको छ । देशभरका सबै सहिद स्मृति आवासीय विद्यालयमा एक–एक लाख रुपैयाँ बराबरको पुस्तक सहयोग गर्ने फाउन्डेसनको नीति अनुसार डोटीमा पुस्तकालयको सामग्री हस्तान्तरण गरिएको हो । दाङ, पोखरा र जिरीका लागि पनि पुस्तक फाउन्डेसनको केन्द्रीय कार्यालयमा आइसकेको अध्यक्ष सन्दिप पुनले बताए । डोटीमा फाउन्डेसनका सदस्य मनोज पुनद्वारा पुस्तक हस्तान्तरण गरिएको थियो । त्यसैगरी सुनसरीमा फाउन्डेसनका संस्थापक अध्यक्ष प्रमोद पौडेल र केन्द्रीय कार्यसमिति सदस्य राजु महतोले विद्यालय अध्यक्ष मनिराम गिरी र प्रधानाध्यापक रिता फुयाँललाई पुस्तक हस्तान्तरण गरे ।

# सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्छौं: राप्रपा




**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को केन्द्रीय कार्यसमितिको तीन दिने बैठक काठमाडौँको धुम्बाराहीस्थित एसआर बैङ्कवेटमा आइतबारबाट शुरु भएको छ ।
 बैठकको प्रारम्भमा अध्यक्ष राजेन्द्र लिङ्देनले राप्रपाले सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताएका छन् ।
अध्यक्ष लिङ्देनले सत्ता केन्द्रीत नभइ आमजनता, शुभेच्छुक, शुभचिन्तकको परिवर्तनको चाहना र देशको अवस्थालाई ध्यान दिई सडक सङ्घर्षलाई प्राथमिकता दिने पार्टीको कार्यनीति हुने बताए । पार्टीका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठका अनुसार समान विचार भएकासँग एकता तथा सहकार्य आवश्यक रहेको जनाइएको छ । बैठकमा महामन्त्री डा. धवलसमशेर राणाले वृहत आन्दोलनसम्बन्धी कार्ययोजना, कोषाध्यक्ष नीलकण्ठ काफ्लेले आर्थिक प्रतिवेदन, सचिवालयका मुख्य सचिव केदारबहादुर अधिकारीले सचिवालयसम्बन्धी प्रतिवेदन पेस गरेको प्रवक्ता एवं प्रचार विभाग प्रमुख श्रेष्ठले जानकारी दिए ।

# ‘मिसन–८४’ भन्दा ‘भिजन–९५’ मा लागौँ: शर्मा




**रासस**
**बागलुङ ।**
नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले चार वर्षपछि हुने चुनावको चिन्ता नलिन र काममा केन्द्रित हुन आवश्यक रहेको बताएका छन् । प्रेस युनियन बागलुङले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा महामन्त्री शर्माले ‘मिसन–८४’ भन्दा ‘भिजन–९५’ मा लाग्न सुझाव दिए । उनले चुनावको चिन्ता लिनुभन्दा पनि २०९५ सालसम्म के काम गर्न सकिन्छ भनि विकासको खाका तयार गर्न लाग्नुपर्नेमा जोड दिए ।
 ‘नेपालमा भूकम्पपछि घर पुनःनिर्माण गर्नुभन्दा घर भत्कनै नदिने योजना चाहियो, तत्कालै सम्भव नहोला तर १५ वर्षभित्र नेपाल एउटा चरणमा पुग्नेगरी योजना बनाऔँ’ उनले भने । आगामी फागुन ७ गतेदेखि शुरु हुने नेपाली कांग्रेसको महासमिति बैठकमा अहिलेको सरकारको कामका विषयमा गम्भीर छलफल हुने उनको भनाइ थियो ।
‘अहिले भइरहेको सरकारको काम सुस्त भएको छ, सरकारमा नेपाली कांग्रेस पनि छ’ उनले भने, ‘सरकारमा सहभागी कांग्रेसका मन्त्रीहरुको कामको समीक्षा गर्नेछौँ, आगामी फागुनसम्म सरकारको कामले गति नलिए गम्भीर समीक्षा गर्न बाध्य हुनेछौँ ।’

# भिजिट भिसामा २४६ कागजात नक्कली

**मधेशदृष्टि**
**काठमाडौँ ।**
भिजिट भिसामा विदेश जान लागेका दुई सय ४६ जनाको कागजात नक्कली भएको फेला परेको छ । एक हजार पाँच सय युवाभन्दा बढीका कागजात अध्ययन गर्दा दुई सय ४६ जनाको कागजात नक्कली फेला परेको हो । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार सरकारी कर्मचारीकै संलग्नतामा सङ्गठितरुपमा यसरी नक्कली कागजात बनाइ मानिसलाई भिजिट भिसामा विदेश पठाउने गरेको पाइएको छ । यसरी मिलेमतोमा विदेशिएका अधिकांश त्यहाँ घुम्नका लागि नभई कामका लागि जाने गरेका छन् । शङ्कास्पद कागजातसहित गएको असोजदेखि नै प्रहरीले अनुसन्धान थालेको थियो । सो क्रममा एक हजार पाँच सय १२ जनाका कागजात अध्ययन गर्दा त्यसमध्ये दुई सय ४६ कागजात प्रमाणपत्र, श्रम, नाता प्रमाणित, प्रहरी रिपोर्ट र बैंक विवरणलगायतका कागजात नक्कली देखिएको पाइएको कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए । कागजात बनाउने व्यक्तिको पहिचान गर्ने र नक्कली कागजातका आधारमा के–कसरी विदेश पठाइने रहेछ भन्ने विषयमा अनुसन्धान गर्दा सबै मिलेमतोमा काम हुने गरेकोसमेत पाइएको हो । त्यसरी अनुसन्धानका क्रममा सरकारी कर्मचारीसहित एजेन्ट, कन्सलटेन्सी, ट्राभल एजेन्सीले एयरलाइन्सलाई प्रतिव्यक्ति १० हजारदेखि १५ हजार रुपैयाँ र अध्यागमनका कर्मचारीलाई प्रतिव्यक्ति ४० हजारदेखि ५५ हजार रुपैयाँ दिएर मिलेमतोमा मिलाइ पठाउने गरेको देखिएको उनले बताए । सोही आधारमा मिलेमतोमा संलग्न एजेन्ट, ट्राभल्स, एयरलाइन्स र अध्यागमनका कर्मचारीसहित ३५ जनाभन्दा बढीलाई विभिन्न मितिमा पक्राउ गरी सङ्गठित अपराध, लिखतसम्बन्धी कसुरसमेतका अपराधमा आवश्यक कारबाही थालिएको छ । सोही अध्ययनका आधारमा अध्यागमन कार्यालयमा कार्यरत कर्मचारीसँग मिलेमतोमा नक्कली कागजातका आधारमा विदेश पठाउने र विदेश पुगेपछि महिलालाई घरेलु कामदारका रुपमा लगाइने र शोषणसमेत हुने तथा पुरुषलेसमेत तोकिएको काम नपाई जोखिमपूर्ण काममा लागाइने गरेको पाइएको प्रहरीले जनाएको छ । त्यसरी गएकालाई पछि स्वदेशमा फर्काउनसमेत कठिनाइ हुने गरेको प्रहरीको निष्कर्ष छ । अनुसन्धानका क्रममा उक्त घटनामा संलग्न भएको पाइएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका अधिकृत नरवीर खड्कालाई पक्राउ गरी अनुसन्धान गर्दा उनले यसरी मिलेमतोमा तीन सय जनालाई विदेश पठाएको फेला परेको हो । यस्तै निमा छिरिङ ट्राभल्सका सञ्चालक मनोज तामाङ र निजकै ट्राभल्समा काम गर्ने उनकै सालो पदम लामालाई पक्राउ गरी लिखितसम्बन्धी कसुर समेतका अपराधमा प्रहरी परिसर टेकुले अनुसन्धान गरिरहेको छ । सोही कार्यमा संलग्न रहेका आधारमा नेपाल एयरलाइन्सका अरविन्द यादव, होम पोखरेल, ट्राभल्स एजेन्सीका मनुराम चौधरी, स्काई ट्राभल्स एण्ड टुरका दिनेश ज्ञवाली, रोयल ट्राभल्सका सञ्चालक देवराज खनालसहित गणेश पाण्डे, सञ्जय तामाङ, रामप्रसाद भण्डारी सरोजकुमार यादव, राजकिशोर शाह, रविन अर्याललगायतलाई पक्राउ गरी कारबाही थालिएको प्रहरीले जनाएको छ ।

# नेपालले जलवायु न्याय पाउनुपर्छ: मन्त्री

**रासस**
**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि भएका पहललाई थप गति दिन सरकार प्रयत्नशील रहेको बताएका छन् । जलावयु परिवर्तनका असरले व्यापक जोखिम निम्त्याएकाले त्यसविरुद्ध साझा रुपमा सार्थक पहल गर्नुपर्ने र त्यसमा विश्वव्यापी रुपमा नै संयुक्त सोचका साथ काम अगाडि बढाउनुपर्ने उनले बताए । सङ्घीय संसद् पूर्वाधार विकास समितिले आइतबार आयोजना गरेको ‘दक्षिण एसियाको क्षेत्रीय ऊर्जा सहयोगसम्बन्धी कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री बस्नेतले जलवायु परिवर्तनको असर ऊर्जा उत्पादनमा पनि परेको बताए । ग्रीन हाउस ग्यास उत्सर्जनमा नेपालको भूमिका न्यून भए पनि सबैभन्दा जोखिम र क्षति भने बढी रहेको उल्लेख गर्दै उनले विश्व समुदायमार्फत नेपालले ‘जलवायु न्याय’ माग गरेको बताए । संयुक्त अरब इमिरेट्सको दुबईमा हालै सम्पन्न संयुक्त राष्ट्रसङ्घीय जलवायु सम्मेलन (कोप–२८) मा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले नेपालका तर्फबाट स्पष्ट रुपमा आफ्ना एजेण्डा प्रस्तुत गर्नुभएको र विश्व समुदाय माझ हाम्रा समस्या र जटिलताका विषयमा जानकारी गराउनुभएको उनले उल्लेख गरे । जलवायु परिवर्तनका कारण ऊर्जा क्षेत्रमा परेका जटिलता न्यूनीकरणका साथ साथै विश्व समुदायबाट लिने सहयोगका बारेमा नेपालले विशेष पहल गरिरहेको र त्यसको परिणाम निकट भविष्यमा नै देखा पर्ने मन्त्री बस्नेतको भनाइ छ । जलवायु परिवर्तनको असर नेपाललगायत दक्षिण एसियाली देशमा बढी परिरहेकाले त्यसको न्यूनीकरणका लागि पनि साझा प्रयास जरुरी रहेको उनको भनाइ छ । मन्त्री बस्नेतले सरकारले ऊर्जा क्षेत्रको विकासका लागि १२ वर्षे कार्ययोजना बनाएको र लागू हुने चरणमा रहेको जानकारी दिए । कार्यक्रममा समितिमा सभापति दीपकबहादुर सिंहले जलवायु परिवर्तनले निम्त्याएको असर कम गर्दै साझा लाभका लागि साझा प्रयत्न जरुरी रहेको बताउनुभयो । उहाँले ‘क्लाइमेट पार्लियामेन्ट’ जस्ता साझा संयन्त्रमार्फत यस विषयमा विश्वव्यापी पहल जरुरी रहेको उल्लेख गरे । प्रतिनिधिसभा सदस्य माधव सापकोटाले जलवायु परिवर्तनका विषयमा संसद् र सरकारलाई सार्थक मार्गमा अगाडि बढाउने उद्देश्यका साथ १५ सदस्यीय ‘क्लाइमेट पार्लियामेन्ट’ गठनको प्रक्रिया अगाडि बढेको जानकारी दिए । प्रतिनिधिसभा सदस्य प्रदीप पौडेलले ऊर्जा क्षेत्रको सार्थक विकास गर्दै विद्युत् व्यापारमार्फत व्यापार घाटा घटाउने र जलवायु परिवर्तनको पक्षमा लड्न सकिने बताए । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले दक्षिण एसियाका लागि नेपालको ऊर्जा क्षेत्र ‘ब्याट्री’ जस्तै भएकाले स्वच्छ ऊर्जाको विकासमा राजनीतिक, नीतिगत प्रतिबद्धता जरुरी रहेको बताए ।

# एमालेले असाधारण काम गर्न सक्छ: ओली



**रासस**
**पाँचथर ।**
नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले एमालेले आफू नेतृत्वको पार्टीले अन्य पार्टीले गर्न नसक्ने काम गरेर देखाउने दाबी गरेका छन् । एमालेको झुलाघाट–चिवाभञ्ज्याङ यात्रालाई महान यात्राको संज्ञा दिँदै उनले यात्राका बीचमा जनताका आकांक्षा बुझ्ने अवसर प्राप्त भएको बताए । झुलाघाट चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्राका आइतबार पाँचथरको याङवरक गाउँपालिका वडा नं १ चिवाभञ्ज्याङमा समापन गर्दै उनले जोखिम चिर्दै, प्राविधिक, भौगोलिक तथा राजनीतिक अवरोध पार गर्दै एमाले जनताको घरसम्म पुगेको बताए । ‘यो यात्रा जोखिम मोल्ने अभियान हो । यात्राले एमालेले अरुले गर्न नसकेको काम गर्न सक्छ भन्ने सन्देश दिएको छ’ उनले भने, ‘यस यात्राले अवाञ्छित विचार, चिन्तन र क्रियाकलापविरुद्ध सन्देश दिएको छ । सिङ्गो देशलाई सर्वोपरी राखेर, जनताको हितलाई केन्द्रमा राखेर काम गर्ने सन्देश दिएको छ ।’ अभियानका क्रममा सांस्कृतिक विविधताको ग्रहण गर्ने, त्यसलाई प्रयोग र प्रवर्द्धन गर्ने काम भएको पूर्वप्रधानमन्त्री ओलीले बताए । मध्यपहाडका सबै विषयमा जानकार हुने अवसर मिलेको भन्दै उनले यात्रा पूर्ण रुपमा सफल भएको दाबी गरे । राजनीतिक हिसाबले देशको बिग्रदो अवस्थाबाट उकास्न, जनतामा फैलिएको निराशा हटाउन, आशावादी जगाउने र जनतामा जागरण पैदा गर्न अभियान सफल भएको बताउँदै अध्यक्ष ओलीले अन्य दल, सरकार र मुलुकलाई यो अभियानले प्रत्यक्ष प्रभाव पारेको दाबी समेत गरे । ओलीले स्थानीयस्तरका विशेषता, चालचलन, परिचय, आवश्यकता, समस्या र समाधानबारे जानकारी लिने, ध्यानाकर्षण हुँदा एमालेले समाजलाई झनै नजिकबाट बुझ्न सहज भएको, अभियानले एमालेको नीति र कार्यक्रमलाई जनतामा बुझाउन मद्दत मिलेको बताए । फरक प्रसङ्गमा उनले देशको राजनीति अहिले अलपत्र र अलमलमा रहेको जिकीर गरे । ओलीले जनता र देशको समय खेर फाल्न, आउँदो पिंढीलाई अन्योलमा राख्ने कामबाट चिर्न अभियानले असाधारण रुपमा सहयोग गरेको बताए । यसैबीच, नेकपा (एमाले) ले सञ्चालन गरेको झुलाघाट चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा पनि सम्पन्न भएको छ । पुष्पलाल (मध्यपहाडी) राजमार्गको अन्तिम विन्दू बैतडीको झुलाघाटबाट मङ्सिर १४ गते सुरुआत भएको थियो ।

# उखु किसानको बक्यौता भुक्तानी दिइने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सरकारले उखु किसानलाई भुक्तानी दिन बाँकी ५२ करोड तत्काल उपलब्ध गराउने निर्णय गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ को उपस्थितिमा आइतबार बसेको सरोकारवाला मन्त्रालयका मन्त्री र सचिवको बैठकले उखु किसानको बाँकी भुक्तानी तत्काल उपलब्ध गराउने निर्णय गरेको हो । आर्थिक वर्ष २०७९÷८० को किसान प्रोत्साहन बापत सरकारले प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान उपलब्ध गराउने निर्णय गरेको थियो ।
 सो मध्येको करिब ५२ करोड रुपैयाँ भुक्तानी हुन बाँकी रहेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । प्रधानमन्त्री प्रचण्डले कृषि क्षेत्र र किसानहरूलाई प्राथमिकतामा राखेर उत्पादनमुखी नीति, योजना र कार्यक्रम बनाउन एवम् कार्यान्वयनमा तत्परता देखाउन मन्त्री र सचिवहरूलाई निर्देशन समेत दिएका छन् ।बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महत, कृषिमन्त्री डा बेदुराम भुसाल, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल, मुख्यसचिव डा. बैकुण्ठ अर्याल, अर्थ मन्त्रालय, कृषि मन्त्रालय र उद्योग मन्त्रालयका सचिवहरूलगायत उपस्थिति रहेको थियो ।

# नारायणगढ–मुग्लिन दैनिक चार घण्टा बन्द

**रासस**
**चितवन ।**
नारायणगढ–मुग्लिन सडकखण्डमा दैनिक चार घण्टा सवारी बन्द हुने भएको छ । सो सडकखण्डको तुइनखोलामा पुल बनाउन भित्तो काट्नुपर्ने भएकाले यही पुस ७ देखि सवारी बन्द गर्न लागिएको हो । बिहान ११ देखि दिउँसो ३ बजेसम्म सडक बन्द गरेर काम गर्न लागिएको नागढुङ्गा–मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ–मुग्लिन)का सूचना अधिकारी ई कृष्ण आचार्यले जानकारी दिए । उनका अनुसार पहिलो चरणमा तीन हप्ताका लागि सडक रोकेर भित्तो काटिने छ । गत वर्ष सो ठाउँमा पुल निर्माणका लागि भित्तो काटिएको भए पनि कडा चट्टान भएकाले काम कठिन भएपछि विस्फोटका लागि रोकिएको थियो । विस्फोटको अन्तिम तयारी हुँदै गर्दा पुनः एकपटक सडक रोकेर काट्ने तयारी गरिएको हो । शनिबार कुरिनटारमा चितवन, गोरखा र धादिङका प्रमुख जिल्ला अधिकारीसहितको उपस्थितिमा बसेको अन्तर जिल्ला बैठकले सडक रोकेर काम गर्ने निर्णय गरेको हो । सूचना अधिकारी आचार्यका अनुसार ६० मिटर अग्लो पहाड गत वर्ष २५ मिटर काटिएको छ । बाँकी ३५ मिटर ‘रक स्पिलटर’ र ‘हाइड्रोलिन ज्याक हेम्भर’ प्रयोग गरेर फोर्ने तयारी गरिएको छ ।
 उनले भने, ‘टनेल, खानीलगायतमा प्रयोग गरिने विधि प्रयोग गरेर अन्तिम प्रयास गर्दैछौँ ।’ यसबाट पनि फोर्न नसकिएमा अन्तिम विकल्पका रूपमा विस्फोट गराइने उनले जानकारी दिए ।
सडकका १९ पुलमध्ये चार पुल चार वर्षअघि निर्माण गरिएको थियो । बाँकी १५ पुल एकैसाथ ठेक्का लगाइएको थियो । अन्य कतिपय निर्माण सम्पन्न भएका छन् भने कतिपय अन्तिम चरणमा छन् ।
यो पुल भित्तो भत्काउन नसक्दा काम थाल्न सकिएको छैन । उनका अनुसार काली, नम्सी, रिग्दी, सिमलताल, भोर्ले, खोर, खहरे र जुगेडी पुल दुई महिनाभित्रमा सञ्चालनमा आउनेछन् । उनका अनुसार चारवटा एक महिनामै सञ्चालनमा आउँछ । आठवटै पुल सञ्चालनमा ल्याउन दुई महिना लाग्छ । ती पुलको पहुँचमार्ग बनाउने र रङरोगनलगायतका काम भइरहेको छ । गत मङ्सिरमा डुम्रे, चिसेन्जी, तोपे र लामो बालुवाको पुल सञ्चालनमा आएको उनले जानकारी दिए । थप आठ पुल सञ्चालनमा आएपछि नयाँ बन्दै गरेका १५ पुलमध्ये दुईवटा मात्र बन्न बाँकी रहन्छन् । आचार्यका अनुसार खहरेको पुल छ महिनाभित्रमा सञ्चालनमा आउने छ । यसपछि एउटा पुलमात्रै बाँकी रहने छ । गतको हिउँदमा सडक रोकेर दुईवटा पुल बनाउन ढिस्को भत्काउन थालिएको थियो । सँगै भत्काउन थालिएको चिसेन्जी खोलाको आडको ढिस्को भत्काएर पुलसमेत निर्माण गरिसकिएको छ । यो ठाउँमा ४० मिटर अग्लो ढिस्को भत्काएर पुल बनाइएको हो । तुइनखोलाको ढिस्को भत्काउन नसकिएपछि विस्फोटका लागि प्रक्रियागत काम पूरा गर्न समय लागेकाले गत हिउँदमा नै विस्फोट गर्ने गृहकार्य गरिएको भए पनि काममा ढिलाइ भएको थियो ।
 उनका अनुसार ढिस्को भत्काउन विस्फोटक पदार्थ ल्याउनका लागि अनुमतिप्राप्त भइसकिएको छ । आयोजनाले विभाग हुँदै गृह मन्त्रालय, रक्षा मन्त्रालय, पुनः गृह मन्त्रालय भएर अन्तिम अनुमति भारतीय राजदूतावासबाट पाएको जनाइएको छ । विस्फोटक पदार्थ ल्याउन केही ढिलाइ हुने भएपछि अन्तिम प्रयासको रूपमा भत्काउने तयारी गरिएको हो । विसं २०७६ चैत १० गतेबाट पुलको निर्माण थालिएको हो । पुलको लागत एक अर्ब २८ करोड रुपैयाँ छ । पछिल्लोपटक थप गरिएको म्याद यही पुस १० गते सकिँदैछ । अनक कन्सट्रक्सनले पुलको ठेक्का पाएको थियो । यो राजमार्गलाई एसियाली विकास बैंक (एडिबी)को सहयोगमा एसियन मापदण्ड अनुसार बनाइएको हो । पुल ११ मिटर चौडा छन् । सडक विस्तार गरेसँगै नौ देखि ११ मिटर फराकिलो बनेको छ । राजधानी बाहिरिने र भित्रने प्रमुख सडकका रूपमा यो सडक रहेको छ । यो सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारीसाधन आवतजावत गर्छन् ।

# जनकपुरधाममा विवाहपञ्चमीको धुम

अजयकुमार साह
धनुषा ।

आजु मिथिला नगरिया निहाल सखिया,
चारों दुलहा में बड़का कमाल सखिया !

अर्थात् आज मिथिला नगरी निकै सुन्दर भएको छ सखिहरु, चार जनै दुल्हामध्ये जेठो चाहीँ निकै कमाल को छ । यस्तै सुमधुर लोक गीत सङ्गीतबीच प्रत्येक वर्ष जनकपुरमा मनाइने रामजानकी विवाह पञ्चमी महोत्सवको रौनक यतिबेला जनकपुरधाममा देखिएको छ ।

प्राचीन मिथिला र अहिले मधेश प्रदेशको राजधानी जनकपुरधाममा भगवान् सीताराम विवाह पञ्चमी महोत्सव पौराणिक प्रचलनअनुसार मनाइँदै छ । जनकनन्दिनी सीताको विवाह भएको दिनको स्मरणमा मिथिलावासीले यसलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन् ।

साताव्यापी महोत्सवमा सहभागी हुन यसपटक लाखौँ श्रद्धालु यहाँ आएका छन् । सो क्रममा जानकी मन्दिरलगायत यहाँस्थित देवालयमा बिहानैदेखि पूजाअर्चना गर्नेहरुको श्रद्धालुको भीड लागेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले बताए । रामायणमा तुलसीदासले लेखिएको पंक्ति उद्दत गर्दै जानकी मन्दिरका महन्थ रामतपेश्वर दास भन्छन्, 'सिया रघुवीर विवाह जे गावही, सुनही तिनहुँ सदा उछाह मंगलाय तन रामजसो ।' बालकाण्डको अन्तिममा लेखिएको यस पंक्तिको अर्थ हो, भगवान् राम र सीताको यस अलौकिक विवाहलाई जसले हृदयदेखि सुन्ने, गाउने र वाचन गर्ने गर्छ, उसको जीवन सदैव मंगलमय हुन्छ । त्यसैले पनि विवाहपञ्चमी महोत्सव जनकपुरधामको घरघरमा सुनिने, गाइने र वाचन गर्ने गरिन्छ । वर्षौंदेखि जनकपुरधामले धान्दै आएको यस सांस्कृतिक विरासत मिथिलाका अन्य सहरमा फैलिँदै छ ।

महन्थ दासका अनुसार सीतालाई छोरी–बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता भौतिक शरीर नभए पनि अद्दश्य रूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछायाँ जन्तीको आगमनदेखि बिहेसम्ममा सहभागी हुने गर्दछन् ।

मैथिल साहित्यकार डा राजेन्द्र विमल बताउछन्, 'संस्कृतिअनुसार विवाह महोत्सव मनाइने क्रममा राम मन्दिर र जानकी मन्दिरबाट राम सीताको प्रतिमालाई सुसज्जित डोलीमा राखी रङ्गभूमिमा लगी स्वयम्बर र परीक्षण विधि भएपछि जानकी मन्दिरमा ल्याई विवाह संस्कार सम्पन्न गरिन्छ । सो अवसरमा निस्किने भगवानको डोला शोभायात्रामा सहभागी हुनेले महोत्सव दैवी विवाह भएको अनुभव गर्दै आफूलाई धन्य सम्झन्छन् ।'

राजर्षि जनक, जानकी र याज्ञवल्क्यको पुण्यभूमि प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा बर्सेनी मङ्सिरको शुक्ल पक्ष पञ्चमी तिथिमा राम जानकी विवाहपञ्चमी मेला लाग्छ । सीतोपाख्यान उत्तराद्र्धमा सीता स्वयम्बरबारेमा उल्लेख भएअनुसार आश्विन पूर्णिमाका दिन अयोध्या नरेश महाराज दशरथ नन्दन राजकुमार श्रीरामचन्द्रले प्राचीन शिव धनुषलाई भाँचेको र त्यसपछि मार्ग शुक्ल पञ्चमी तिथिमा श्री राम जानकीको शुभविवाह भएको प्रसङ्ग उल्लेख गरिएको छ । उक्त विवाह भएको खुशीयालीमा सम्झनास्वरूप जनकपुरधाममा प्रत्येक वर्ष विवाह पञ्चमी पर्व मनाउने परम्परा छ ।

राम र जानकीको स्वयम्वर भएको जनविश्वास रही–आएको रङ्गभूमी १२ बिघा मैदानमा विवाह पञ्चमीका दिन जनकपुरधामस्थित राम मन्दिरबाट जन्तीसहित भगवान् रामको डोला नगरको परिक्रमा गर्दै ल्याइएपछि जानकी मन्दिरबाट बाजागाजा सहित लावा–लस्करका साथ जानकीको डोला लगेर स्वयंवर गरिन्छ । त्यसपछि दुवै डोला नगरको परिक्रमा गर्दै जानकी मन्दिरमा पुगी मिथिलाको संस्कृतिअनुसार वैवाहिक कार्यक्रम सम्पन्न गरिन्छ ।

त्रेता युगमा मिथिलापति शिरध्वज जनकले सीता स्वयंवरको आयोजना गर्दा देशदेशान्तरका सयौं राजा र राजकुमार उपस्थित हुन पुगेको ऐतिहासिक तथा पौराणिक मान्यता छ । अहिले पनि हिन्दू जातिको आस्थाको केन्द्रका रूपमा रहेको जनकपुरधाममा मुलुकलगायत भारतबाट आएका लाखौं श्रद्धालु डोला परिक्रमाको दर्शन तथा



पूजापाठ गर्न उपस्थित हुन्छन् ।

यस वैवाहिक समारोहको पूर्वाङ्गस्वरूप मार्गशुक्ल द्वितीया तिथिका दिन अयोध्याबाट साधु सन्तहरू समेतको एउटा जन्तीको डफ्फा(बाराती समूह)लाई जनकपुरधाम आइपुग्दा भव्य स्वागत गरिन्छ । अयोध्याबाट आउने जन्ती समूह(बाराती समूह)लाई यसअघि नै नेपाली सीमामा प्रवेश गर्नासाथ मटिहानी, जलेश्वर, पिपरा, लादोबेला र जनकपुरधाममा भव्य तथा हार्दिक स्वागत तथा अभिवादन गर्ने परम्परा छ ।

साताव्यापी विवाहपञ्चमीको पहिलो दिन मङ्गलबार नगरदर्शन र दोश्रो दिन बुधबार फुलबारी लिला र बिहीबार तेश्रो धनुष यज्ञ, चौथो दिन मङ्सिर २९ गते तिल्कोत्सव र मङ्सिर ३० गते मटकोर विधि सम्पन्न भइसकेको छ । आज पुस १ गते आज विवाहपञ्चमीको मुख्यदिन विवाह उत्सव छ भने भोलि पुस २ गते रामकलेवा गरी सप्ताहव्यापी श्री सीताराम विवाहपञ्चमी महोत्सव समापन हुने महन्थ दासले बताए । महन्थ दासले भने, 'आज पञ्चमी तिथिमा राम मन्दिरबाट श्रीरामचन्द्रको डोला बाजागाजाका साथ नगरपरिक्रमा गर्दै रङ्गभूमि मैदानमा पुग्दछ । त्यहाँ पहिलेदेखि नै जानकी मन्दिरबाट जानकी माताको मूर्ति सुसज्जित मण्डपका साथ मन्दिरका महन्त, साधुसन्त र समाजका प्रबुद्ध नागरिक सम्मिलित सरियाती दल(घरगाउँले समूह वा माइती पक्ष)द्वारा स्वागत अभिवादनका साथै राम मन्दिरबाट पुगेको डोलालाई जानकी मन्दिरबाट पु¥याइएको मण्डपद्वारा पाँचपटक परिक्रमा गराएर श्रीरामचन्द्रलाई पुष्पहार अर्पण गरिन्छ ।' राम मन्दिरबाट पुगेको मण्डपबाट महन्थले जानकीजीलाई माला लगाई आरतीपूजनपछि स्वयम्बर पूरा हुन्छ । त्यसपछि राम मन्दिरको मण्डप अगाडि राखेर सबै पछिपछि लाग्दछन् र जानकी मन्दिर पु¥याएर आरती पूजन गरिन्छ । त्यसपछि राम मन्दिरको डोला लावा लस्करका साथ राममन्दिर फर्कने गर्दछ भने त्यसै रात मिथिला परम्परा–अनुसार भगवान् रामचन्द्र र माता जानकीको वैवाहिक कार्यक्रम सम्पन्न हुन्छ ।



अहिले विवाह महोत्सवमा सहभागी हुन आउने पर्यटकका कारण जनकपुरका होटल, लोज र धर्मशालाहरू भरिभराउ छन् । साथै भक्तजनको सुविधाका लागि स्थानीय संघ संस्थाहरूले ठाँउ–ठाँउमा बासको प्रबन्धका लागि पन्डाल निर्माण गरिदिएका छन् ।

खास गरेर नेपाल तथा भारतको विभिन्न भूभागबाट ठूलो सङ्ख्यामा तीर्थयात्रीहरू जनकपुरधाम आउने क्रम विगत दुई दिनदेखि जारी छ ।

अघिल्ला वर्षमा महोत्सवमा सहभागी हुन देशविदेशका विशिष्ट राजनीतिक व्यक्तित्वलाई पनि आमन्त्रित गर्ने गरिन्थ्यो । विशिष्ट व्यक्तिहरूको आगमन हुँदा सर्वसाधारण श्रद्धालुलाई महोत्सव मनाउन समस्या हुने गरेको हुँदा यसवर्ष विशिष्ट अथितिलाई ननिमत्याएको जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास बैष्णवले बताए ।

प्रदेशमा सार्वजनिक विदा
सीताराम विवाह पञ्चमी महामहोत्सवको अवसरमा मधेस प्रदेश सरकारले आइतवार सार्वजनिक बिदा दिएको छ । प्रदेशको पात्रोअनुसार साताव्यापी विवाहपञ्चमी महोत्सवमा बिदा दिइने उल्लेख भएअनुसार बिदा दिइएको हो । प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले विवाह पञ्चमीको अवसरमा जनकपुरधाममा पाल्ने श्रद्धालु भक्तजनहरूलाई माता र प्रभुको आशीर्वाद मिलोस् भन्दै शुभकामना व्यक्त गरेका छन् ।

मदिरा र मासु बिक्रीमा रोक
जनकपुरधाममा श्रीसीताराम विवाहपञ्चमी महोत्सवको अवसरमा तीन दिनसम्म मदिरा तथा माछामासु बिक्री वितरणमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाले एक सूचना जारी गर्दै मङ्सिर २८ गते राति १२ बजेदेखि पुस १ गते राति १२ बजेसम्म मदिरा तथा माछा÷मासुको बिक्री वितरणमा रोक लगाएको हो ।

सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवलाई सुरक्षित, मर्यादित र सौहार्दपूर्ण वातावरणमा मनाउनका लागि जिल्ला सुरक्षा समितिको बैठकले यस्तो निर्णय गरेको प्रशासकीय अधिकृत विश्वविजय शर्माले जानकारी दिए । यस अवधिमा जनकपुरधामको परिक्रमा क्षेत्रभित्र र परिक्रमा सडकको दायाँबायाँ मदिरा बिक्री वितरण, सेवन तथा पशुपक्षी काट्न, माछा, मासु बिक्री वितरण, ओसारपसार गर्न निषेध गरिएको प्रमुख जिल्ला अधिकारी चक्र पाणी पाण्डेले बताए ।

खाद्यान्नबाट विशाल राम र सीताको आकृति
श्रीसीताराम विवाहपञ्चमी महामहोत्सवमा जनकपुरधामको बाह्र विघा रङ्गभूमि मैदानमा खाद्यान्नबाट भगवान् राम, सीताको स्वयम्वरको ११ हजार ११ वर्गफिटको विशाल आकृति बनाइएको छ । भगवान् राम सितासँगै राजर्षि जनक तथा विश्वामित्रको पनि आकृति निर्माण गरिएको छ ।

खाद्यान्नबाट बनाइएको आकृतिको उर्चाई एक सय २१ फिट र चौडाई ९१ फिटको रहेको श्रीसीताराम अनाज प्रतिमा निर्माण समितिका संयोजक एवं जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठले जानकारी दिए । आकृतिको निर्माणमा ११ प्रकारको खाद्यान्न गरेर एक सय दुई क्विन्टल प्रयोग भएको संयोजक महासेठले बताए । यसमा चालन, गहुँ, भटमास, चना, मुम्फली, मुंग, रहरको दाल, मक्कै, रहरको दाल, मसुरोको दाल र काला उरिद प्रयोग गरिएको छ ।

सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवको रौनकतालाई अन्नबाट निर्माण गरिएको सीतारामको प्रतिमाले झनै बढाएको छ । विश्व रेकर्ड स्थापित गर्ने उद्देश्यले निर्माण गरिएको सो प्रतिमालाई शनिबारबाट सर्वसाधारणको अवलोकनका लागि समेत खुल्ला गरिएको छ ।

यो प्रतिमाको निर्माण ११ पटक अन्नकै प्रतिमा बनाएर विश्व रेकर्ड बनाउनुभएका भारतको मध्यप्रदेशका सतिश गुर्जरले गरेका हुन् । कोरोना महामारीको समयदेखि अन्नको प्रतिमा निर्माण गर्न सुरु गर्नुभएका गुर्जरले नेपाल भारतको साझा संस्कृतिलाई प्रचारप्रसार गर्ने उद्देश्यले बिना पारिश्रमिक यो प्रतिमाको निर्माण गरेको बताए । भारतीय कलाकारले निर्माण गरेको यो प्रतिमाले नेपाल भारतको साझा संस्कृतिलाई दर्शाएको वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यूदूत देवीसहाय मिणाको भनाइ छ ।

पछिल्लो पटक भारतको अयोध्यमा अन्नबाटै प्रतिमा निर्माण गरेर विश्व रेकर्ड बनाएका सतिश गुर्जरकै टिमले आफ्नै रेकर्ड तोड्ने उद्देश्यले निर्माण गरिएको यो प्रतिमाले जनकपुरधामको पर्यटनलाई बढावा दिन मद्दत गर्ने जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले बताए ।



जनता माविको स्वर्ण महोत्सव उद्घाटनः प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' आइतबार महोत्तरीको गौरीडाँडास्थित जनता माध्यमिक विद्यालयको स्वर्ण महोत्सव कार्यक्रम उद्घाटन गरेका छन् । तस्बिरः प्रदीपराज वन्त

# सिमेन्ट उद्योग बन्द हुँदा पाँच सय मजदुर बेरोजगार

**मधेशदृष्टि**
**पर्सा ।**

बारा–पर्सा औद्योगिक कोरिडोमा सञ्चालित चार सिमेन्ट उद्योग बन्द हुँदा त्यहाँ कार्यरत पाँच सयभन्दा बढी मजदुर बेरोजगार भएका छन् । आर्थिक मन्दिका कारण देशकै सबैभन्दा ठूलो आर्थिक कोरिडोरमा सञ्चालित इन्टरनेशनल सिमेन्ट, विश्वकर्मा सिमेन्ट, कृष्णा सिमेन्ट र आरमेसी सिमेन्टले उत्पादन बन्द गरेपछि त्यहाँ कार्यरत मजदुर र कर्मचारी बेरोजगार भएका हुन् । कोरिडोमा सञ्चालित १२ उद्योग मध्ये चारवटा बन्द भएका छन् । बाँकी उद्योग पनि बन्द हुने अवस्थामा पुगेका वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष श्री एवम् सिमेन्ट उद्योगका सञ्चालक अनिल अग्रवालले जानकारी दिए । उनले बैङ्कहरुको बढ्दो ब्याज, पूर्वाधार विकासको निर्माणमा कमी र भएको निर्माण कार्यको भुक्तानी नगरिएका कारण समस्या उत्पन्न भएको हो । सिमेन्टको माग घट्दै गएकाले पनि उद्योग बन्द भएका अध्यक्ष अग्रवालले बताए । भारतले नेपाली सिमेन्ट उद्योगलाई निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको खरानीमा प्रति टन एक हजार रुपैयाँ कर लिँदै आएको छ । यसतर्फ सरकारको ध्यान जान आवश्यक भएको उनको भनाइ छ । नेपाली सिमेन्ट उद्योगले वर्षौंदेखि माग गर्दै आएको भारतीय गुणस्तर चिन्ह बिआइएस दिलाउन सरकारले पहल गरे नेपाली सिमेन्ट भारत निर्यात गर्न सकिने तथा यसले उद्योगलाई फाइदा पुग्ने उद्योगीहरुको भनाइ छ ।

# शिक्षा समितिमा गुप्ता मनोनीत

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिकाले राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल एन प्याब्सन वीरगंजका अध्यक्ष जियालाल गुप्तालाई शिक्षा समिति सदस्यमा मनोनित गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर १२ मुर्लीस्थित सगरमाथा एकेडेमी स्कुलका संस्थापक एवम् प्रधानाध्यापक समेत रहेका गुप्तालाई नगर शिक्षा समितिको मङ्सिर २९ गते बसेको बैठकले नगर शिक्षा समितिको आमन्त्रित सदस्य पदमा मनोनीत गरेको हो । गुप्तालाई वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले समितिको सदस्यमा मनोनीत गरिएको पत्र समेत हस्तान्तरण गरे ।

कुनै पनि काम नगरेसम्म सधैँ
असम्भव नै देखिन्छ।
–नेल्सन मण्डेला

## सम्पादकीय

# विवाह महोत्सवको माहौल

मिथिला नगरी विवाह महोत्सवमय छ । प्रत्येक वर्ष जनकपुरमा मनाइने रामजानकी विवाह पञ्चमी महोत्सवको रौनकमा जनकपुरधाम अभ्यस्त छ । प्राचीन मिथिला र वर्तमान मधेश प्रदेशको राजधानी जनकपुरधामको ऐतिहासिक परिचय हो जानकी मन्दिर र यहाँ हुने भगवान् सीताराम विवाह पञ्चमी महोत्सव । त्रेता युगकै झल्को दिने गरी जनकपुरधामा विवाह पञ्चमी महोत्सव मनाइन्छ । जनकनन्दिनी सीताको विवाह भएको दिनको स्मरणमा मिथिलावासी महोत्सवमा सरिक हुन्छ । नेपाल र भारतका लाखौँ श्रद्धालु भक्तजनको उपस्थिति रहन्छ । रामायणमा तुलसीदासले भनेका छन्, 'भगवान् राम र सीताको यस अलौकिक विवाहलाई जसले हृदयदेखि सुन्ने, गाउने र वाचन गर्ने गर्छ, उसको जीवन सदैव मंगलमय हुन्छ ।' विवाहपञ्चमी महोत्सव जनकपुरधामको घरघरमा सुनिने, गाइने र वाचन गर्ने सभ्यता छ । जनकपुरधामले यसको विरासत कायम राखिरहेको छ । सीतालाई छोरी–बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता भौतिक शरीर नभए पनि अदृश्य रूपमा उपस्थित हुने विश्वासमा हुन्छन् । हर्ष र उल्लासका साथ प्रतिछायाँ जन्तीको आगमनदेखि बिहेसम्ममा सहभागी भएर अदृश्य भगवानको उपस्थिति पनि महसुस गर्छन् । राम मन्दिर र जानकी मन्दिरबाट राम सीताको प्रतिमालाई सुसज्जित डोलीमा राखी रङ्गभूमिमा लगी स्वयम्बर र परीक्षण विधि भएपछि जानकी मन्दिरमा ल्याई विवाह संस्कार सम्पन्न गरिने कार्य यसको महत्वपूर्ण कार्य हो । यसबेला निस्किने भगवानको डोला शोभायात्रामा सहभागी हुन सकै लालयित हुन्छन् ।

राजर्षि जनक, जानकी र याज्ञवल्क्यको पुण्यभूमि प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा मङ्सिरको शुक्ल पक्ष पञ्चमी तिथिमा राम जानकी विवाहपञ्चमी मेला लाग्दा माहौल नै अर्कै हुन्छ । आश्विन पूर्णिमाका दिन अयोध्या नरेश महाराज दशरथ नन्दन राजकुमार श्रीरामचन्द्रले प्राचीन शिव धनुष भाँचेको र मार्ग शुक्ल पञ्चमी तिथिमा श्रीराम जानकीको शुभविवाह भएको प्रसङ्गलाई नै महोत्सवका रुपमा मनाउन थालिएको हो । राम र जानकीको स्वयम्वर भएको जनविश्वासमा रङ्गभूमी १२ बिघा मैदानमा विवाह पञ्चमीका दिन जनकपुरधामस्थित राम मन्दिरबाट जन्तीसहित भगवान् रामको डोला नगरको परिक्रमा गर्दै ल्याइएपछि जानकी मन्दिरबाट बाजागाजा सहित लावा–लस्करका साथ जानकीको डोला लगेर स्वयम्बर गर्ने प्रचलन छ । त्रेता युगमा मिथिलापति शिरध्वज जनकले सीता स्वयम्वर गर्दा देशदेशान्तरका सैयौँ राजा र राजकुमार उपस्थित थिए । हिन्दू जातिको आस्थाको केन्द्रका रूपमा रहेको जनकपुरधाममा मुलुकलगायत भारतबाट आएका लाखौँ भक्तजन डोला परिक्रमा दर्शन तथा पूजापाठमा सरिक हुन्छन् ।

साताव्यापी विवाहपञ्चमीको पहिलो दिन मङ्गलबार नगरदर्शन र दोश्रो दिन बुधबार फूलबारी लिला र बिहीबार तेश्रो धनुष यज्ञ, चौथो दिन मङ्सिर २९ गते तिल्कोत्सव र मङ्सिर ३० गते मटकोर विधि भएको छ । आइतबार विवाहपञ्चमीको मुख्यदिन विवाह उत्सव भएको छ भने सोमबार रामकलेवा गरी सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सव समापन हुनेछ । यस अवसरमा मधेश प्रदेश सरकारले आइतबार सार्वजनिक बिदा दिएको छ । यस्तै, जनकपुरधाममा श्रीसीताराम विवाहपञ्चमी महोत्सवको अवसरमा तीन दिनसम्म मदिरा तथा माछामासु बिक्री वितरणमा रोक लगाइएको छ । यस्तै, यसपटक सीताराम विवाहपञ्चमी महामहोत्सवमा जनकपुरधामको बाह्र विघा रङ्गभूमि मैदानमा खाद्यान्नबाट भगवान् राम, सीताको स्वयम्वरको ११ हजार ११ वर्गफिटको विशाल आकृति बनेको छ । यी सबै गरिमाहरु नै विवाहमहोत्सवको सम्पदा र सभ्यता हो ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशद्दष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।
सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)
इमेलः madheshdristi@gmail.com

# व्यवस्थामा होइन पात्र र परिपाटी समस्या



विवेक शर्मा

यो देशमा पञ्चायतकालपछि लोकतन्त्र र गणतन्त्र आए पनि पञ्चायतकालदेखि अहिलेसम्म देश चलाउने पात्र उही हुन् । व्यवस्था परिवर्तन भए पनि पात्र भने परिवर्तन भएनन् । समय बदलिन्छ, समयसँगै विश्वका हरेक कुरा बदलिन्छन्, चाहे तो जवानी होस या रवानी । चाहेअनुहारको चम्किलोपन होस् या शरीरको आकार, हरेक बस्तु र हरेक कुरामा परिवर्तन हुन्छ । चाहे विकासका हरेक गतिविधि होस या भौतिक पूर्वाधार र संरचना नै किन न होस सबै बदलिन्छ, परिवर्तन हुन्छ । यदि संसार परिवर्तनशील नभइदिएको भए सायद यो संसार अहिलेको भन्दा पनि भ्यानक हुन्थ्यो होला । अथवा अहिले पनि कालान्तरमा रहेको ढुङ्गेयुग अथवा यो विश्वको विकास नै नभएको हुन्थ्यो होला । त्यसैले त पृथ्वीमा आउने र जाने पनि निश्चित हुन्छ । त्यो आउने र जाने कालखण्डमा नै मानिस होस् या कुनै बस्तु उनीहरुले विभिन्न कार्य, विभिन्न परिवर्तन गरेर जाने गर्दछन् र त यो संसार यतिको परिवर्तित र विकसित भएका छन् । तर यहाँ नेपालको राजनीतिक इतिहास हेर्ने हो भन्ने व्यवस्था परिवर्तन हुँदा पनि पात्र र परिपाटी भने जस्ताको त्यस्तै रह्यो । जुन सारा नेपाल र नेपालीका लागि घातक सावित हुँदैछ । जुन नेपालको विकासमा बाधक बन्दैछ । जसले नेपाल देशलाई पूर्णरुपमा बर्बाद गर्न खोज्दै छन् । जहाँको नेतृत्वले आफू भन्दा तल्लोस्तरको नेतृत्वलाई त्यही गुण सार्दै सिकाउँदै छन् अनि सारा नेपालीका लागि घातक र कोसेढुङ्गा साबित हुँदैछ । यी कुरा हामीलाई बिर्सनु हुन्न ।

अहिले चलिरहेको राजनीतिक घटनाक्रमलाई नजिकबाट हेर्दा मन, मष्तिष्क र मुटु सबै केहीबेर काम गर्न नै छाडिन्छ यो चिन्तामा कि यो देश कहाँ जाँदैछ ? यो देश हाँक्ने चालकले यो देशलाई किन यस्तो नर्क बनाउन खोज्दैछन् ? देशको अवस्था यस्तो बनाउनमा नेतृत्व पंक्ति मात्र दोषी होइन्न । यहाँ त हामी जस्ता बौद्धिक व्यक्तित्व, आमजनता सबै दोषी हौँ । किन ? यो प्रश्नको उत्तर सबैलाई थाहा छ । किन कि हामी समयमा परिवर्तन हुँदैनौँ । यो देशमा पात्र परिवर्तन गर्ने समयमा हामी पार्टी, नाता, ठूलो नेता, पुँजीवादी, बाहुबली, आदि इत्यादिसहित क्षणिक पैसाको लोभमा पग्लिने गर्दछौँ र आज आएर यो देशमा गणतन्त्रले देश बर्बाद भयो भन्छाँ◌ै यो जायज र उचित कुरा भएन । यदि यो देश बर्बाद भइरहेको छ भने यसमा तपाईं हामी सबैको दोष हो । किनकी अहिले निरंकुश शासन व्यवस्था होइन कि तपाईंलाई बोल्न र बिरोध गर्न कसैले रोक्छ । यदि कुनै ठाउँमा भ्रष्टाचारले लुप्त भयो भने त्यो भ्रष्टाचारको पर्दाफास गर्ने जिम्मा मात्र राज्यको होइन, त्यो तपाईं हामी सबैको हो । यदि सचेत तथा जागरुक व्यक्ति आफ्ना सामाजमा एक्टिभ भयो र हरेक बेथितिविरुद्ध अवाज उठाउन थाले भने सिस्टम आफैँ बस्छ ।

राजतन्त्रको इतिहास नेपालमा सानो छैन । त्यस अवधिमा केही राजाले राम्रो काम गरे जसको कारण नेपालमा थोरै सुधार पनि भए । यता आएर राजा महेन्द्रले नेपालमा बाटो घाटो तथा कलकारखानाको विकास राम्रै गर्नुभयो । जसका कारण नेपालमा केही सुशासन तथा समृद्धि आए । यदि सबै राजाले जनहितमा काम गरि दिएको भए, यदि जनसेवक सरकारको अनुभूति गराइदिएको भए सायद आज हाम्रो यो देशमा गणतन्त्रको आवश्तकता आउने थिएन । २००७ सालअघि फरक परिस्थिति थियो । राणाहरुले १ सय ३ वर्ष शासन चलाए । त्यसमा जनतामाथि अति नै ज्यादती भए तर २००७ सालपछिको प्रत्येक सरकार, चाहे त्यो राजाले बनाएको होस् वा दलीय, आमनागरिकको हुनसकेन । सबैले पत्याएको र यो मेरो हो भन्ने खालको सरकार हामीले कहिल्यै पाउन सकेनौँ । आमजनताले 'यो सरकारले मेरो हितमा काम गर्छ' भन्ने खालको अनुभूति कहिल्यै गर्न पाएनन् । २०१७ सालपछि राजा महेन्द्रले त हरेक शासनव्यवस्था आफ्नो हातमा लिनु भयो । त्यतिबेलाको शासनमा राजालाई सबैको शासक बन्ने मौका थियो, तर राजाले त्यो पनि अवसर गुमाउनु भयो । राजाले एउटा अवसर गुमाएको समय त्यो पनि थियो । त्यतिबेला देशको राजनीतिक दुई कित्तामा बाँडिए, एक पञ्चायत समर्थक जो राजाको नजिक भए र अर्को पञ्चायतविरोधी जुन राजाविरोधी अराष्ट्रिय तत्व घोषणा भयो । राजाले नै कित्ता लिइसकेपछि संकट सुरु भयो । त्यसपछि सधैँ नै विग्रहले निरन्तरता पाइरहे । २०४६ सालको परिवर्तनपछि धेरैलाई विश्वास थियो, हिजो भए–गरेका कमीकमजोरी सच्चिनेछन् । अनि देशमा सुशासन र समृद्धि आउने छन् तर त्यो न भएर २०५१ सालको परिस्थिति फेरि नेपाली राजनीतिसामु आइपुगे । जुन देशको राजाले आफ्नो परिवारलाई जोगाउन सकेन । त्यो राजाबाट यो देशका जनता कसरी जोगिन सक्छन, विचारनीय कुरा हो ? यदि आफ्नो हातमा सत्ता अपनाउनकै लागि त्यतिसम्मको कार्य गरेका हुन् भने त्यसबाट पनि हामी सुरक्षित हुन सक्दैनौँ ।

पात्रः

एउटै व्यक्तिले राजतन्त्रदेखि पञ्चायत तथा बहुदलीय शासन व्यवस्थासम्म देशको चालक बनी चलाउने कार्य गरे तर ती पात्रहरुसँग देशको व्यवस्थामा परिवर्तन त आयो तर देशमा जनताका लागि जनसेवक सरकार आउन सकेन । जसमाथि जनताले आफ्नो आँखा चिम्लेर विश्वास गर्न सकोस् । त्यस्तो पात्र पाउन सकेन जसले यो देश नेपालको चौतर्फी विकास गर्न सकोस् । केही अपवादका नेताहरु पात्रका रुपमा उदाउँदै थिए तर कोपिलामा फूल नलाग्दै मदन भण्डारी बिपी कोइराला जस्ता नेताहरुले राम्रोसँग आफ्ना मिसन र भिजनसहितको राज्यसत्ता सञ्चालन गर्न सकेन । त्यसपछिको यता गिरिजाप्रसाद कोइराला होस् या सुशील कोइराला, केपी शर्मा ओली होस् या शेरबहादुर देउवा माधवकुमार नेपाल होस् या पुष्पकमल दहाल प्रचण्ड चाहे बाबुराम भट्टराई सबैले आफ्नो गुट उपगुटको राजनीति गरे न कि यो देशको । जसले गर्दा आजभोलि हाम्रो देशमा नीतिको शासन आउन सकेन । जसले गर्दा यो देशमा समृद्धि आउन सकेन र आज हामी नेपाली जहाँका त्यही छौँ । यो देशलाई बनाउने अन्य थुप्रै मल्हम रहे पनि सबै भन्दा पहिला पात्र परिवर्तन गर्नु आवश्यक रहेको छ । नेतृत्व राम्रो भए जन प्रशासन पनि राम्रो हुन्छ । नेतृत्व असल भयो भने देशमा अग्रगामी सोचका साथ अग्रगामी विकासका योजना ल्याउन सकिन्छ । एक नेता कुशल, दूरगामी भयो भने त्यसले समग्र देशको विकास तिब्र गतिमा गर्न सकिन्छ । 'भारत, सिङ्गापुर, चीनलगायतका देशहरु विश्वव्यापीरुपमा एक समृद्ध राष्ट्र बनाउन व्यवस्था फेरिएन त्यहाँको विकास र समृद्धि त्यहाँका पात्र (नेता) परिवर्तन सङ्गै भएका हुन् ।' भारत जहिलेदेखि नरेन्द्र मोदीको रुपमा कुशल नेतृत्व पाएका हुन् त्यो दिनदेखि नै भारतमा हरेक क्षेत्रमा विकासका ओइरो लागेको देखिन्छ र आज भारत विश्वव्यापी रुपमा अर्थतन्त्रमा टप ५ भित्र पर्न सफल भएका छन् । त्यस्तै, सिङ्गापुर बनाउन त्यहाँ व्यवस्थाले होइन लिक्वान युको नेतृत्वले सिङ्गापुरलाई नयाँ सिङ्गापुर बनाए । चीन जुन कुनै दिन अति नै गरिब राष्ट्रको रुपमा विश्वभर नै चिनिन्थ्यो तर आज सि जिनफिङको नेतृत्वले त्यसलाई पनि विश्वको दोस्रो समृद्ध राष्ट्र बन्न सफल बनाए । त्यसैले हाम्रो नेपाललाई नेपाल बनाउन व्यवस्था होइन यहाँको अवस्था र पुराना परीक्षण गरिएका नेतृत्वलाई परिवर्तन गर्नुपर्छ ।

परिपाटी

सानैदेखि लागेको बानी छुट्टाउन गाह्रो हुन्छ । हामी जे देख्छौँ, हामी त्यहीँ सिक्छौँ । हाम्रो देशमा नेताले राजनीतिलाई यसरी नराम्रोसङ्ग व्याख्या गरिदिए जुन आजको नयाँ उदाउदो र फेलोसिपमा रहेको नेतृत्वले पनि अधिकांश त्यस्तै व्याख्या गर्न सिकिरहेको छ । जुन हाम्रो देश र देशवासीको लागि घातक सावित भइरहेको छ । देशका ठूला नेताहरुले देशको प्रशासन सञ्चालन गर्न यस्तो परिपाटी निर्माण गरिदिए कि देशलाई चारैतिरबाट माकुराको जालोजस्तै घेरेको महसुस हुन्छ । पात्रले गर्दा आज देशमा परिपाटी नै बिग्रिएको अवस्था छ । यस्तो अवस्था ल्याउन नेताले पहिलापहिला राम्रालाई होइन हाम्रालाई ग्राह्यता दिने प्रवृत्ति ल्याए । त्यसपछि नेताहरुले देशमा विनासकारी कार्य गर्न तलदेखि माथिसम्म आफ्ना कार्यकर्ता र आफन्तहरुलाई राखेर पद्धति भन्दा बाहिर आएर देशका हरेक कार्यालय सञ्चालन गरिरहेको छ । जसकारण यो देश बर्बादीतर्फ जाँदैछ । देशको संविधानलाई पनि यसरी बनाइयो कि भ्रष्टाचार गर्न पनि सहज बनाइदिए । संवैधानिक अंङ्गहरुको आयुक्त नियुक्ति राजनीतिकर्मीलाई दिइयो जसका कारण नेपालमा भ्रष्ट व्यक्तिको बिगबिगी नै रहेको छ । जबसम्म यी र यस्ता परिपाटी नेपालबाट अन्त्य हुँदैन । तबसम्म देश विकासको बाधक नै बन्ने छ । अबको बहस र लडाइँ व्यवस्थाविरुद्ध होइन पात्र र परिपाटीविरुद्ध हुन जरुरी छ ।

जुन तत्वले पहिलादेखि नै देशलाई कब्जा गरी देश लुट्न व्यस्त छन्, फेरि पनि त्यही तत्व र व्यक्तिले देशमा राजनीतिक व्यवस्थामाथि प्रश्न खडा गरी देशका जनतालाई भुलभुलैयामा फसाउन खोजिरहेका छन् । यसबाट जोगिन र बच्न अति नै आवश्यक छ । अब यो देशमा लोककल्याणकारी राज्य कसरी स्थापित हुनसक्छ, त्यसतर्फ देशको हरेक वौद्धिक वर्ग तथा राजनीतिकर्मीले सोच्न जरुरी छ । देशमा जनसरकार कसरी स्थापित हुनसक्छ, त्यसतर्फ विचार र विमर्श गर्न जरुरी छ ।

# हुलाकी राजमार्ग निर्माणमा एसएसबीको अवरोध

भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वालाले पश्चिम क्षेत्रस्थित हुलाकी राजमार्ग कालोपत्र गर्ने सिलसिलामा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले अवरोध पु¥याइरहेको बताएका छन् । राष्ट्रियसभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आवश्वासन समितिको आइतबारको बैठकमा उनले कञ्चनपुर, बेलौरी पचुई क्षेत्रमा बाधा पु¥याइएको जानकारी दिए ।

मन्त्री ज्वालाका अनुसार त्यस क्षेत्रमा सीमा विवादको पनि केही समस्या छ । त्यसका निमित्त विभिन्न पहल र पत्राचार भइरहेका छन् । निर्माणमा अहिले पनि अवरोध कायमै छ । उनले भने, 'बेलौरीको पचुईस्थित नेपाल भारत सीमास्तम्भ रहेको स्थान नेपाली भूभागमा सडक कालोपत्र गर्न समेत भारतीय सुरक्षा बलको अवरोध कायम रहेको पाइएको छ ।' हुलाकी राजमार्गले नेपालको तराई क्षेत्रस्थित पूर्व–पश्चिमका २१ जिल्लालाई छुने गरी निर्माण भइरहेको छ ।

समितिले केही दिनअघि त्यस क्षेत्रको स्थलगत अवलोकन गरी त्यहाँको समस्या समाधानका लागि नेपाल सरकारबाट भइरहेको प्रयासबारे जानकारी लिन भौतिक पूर्वाधारमन्त्रीलाई बैठकमा आमन्त्रण गरेको हो । मन्त्री ज्वालाले भने, 'यस विषयमा सहजीकरणका लागि पहल गर्न परराष्ट्र मन्त्रालयलाई अनुरोध गरिरहेका छौँ । समस्या समाधान भएसँगै बाँकी खण्डको निर्माण सहज हुन्छ । यस सम्बन्धमा समितिका तर्फबाट पनि सरकार र सरोकारवाला निकायमा ध्यानाकर्षण, पहल र प्रयत्नका लागि अनुरोध गर्नेछु ।'

बैठकमा हुलाकी राजमार्ग निर्देशनालयका निर्देशक अजयकुमार मुलले कञ्चनपुरको ६० किमी क्षेत्रलाई २०–२० किमी क्षेत्रमा विभाजन गरी कालोपत्र काम भइरहेको जानकारी दिए । उनका अनुसार त्यस क्षेत्रमा तीन ठेक्कामध्ये एउटाको ९६ प्रतिशत काम पूरा भएका छ, दोस्रो खण्डको २० किमीमा ठेक्का व्यवस्थापन भएकोमा बेलौरी पचुई–खपती खोला क्षेत्रको एक हजार चार सय मिटर खण्डमा सीमा विवादले काम हुनसकेको छैन ।

निर्माणका क्रममा पूर्वतयारीस्वरूप पानीको निकास गर्दा र पर्खाल लगाउँदा कुनै अवरोध थिएन । कालोपत्रेका लागि ग्राभेल गर्न सुरुआत गर्ने क्रममा भारतीय सुरक्षा बलका तर्फबाट राजमार्ग दशगजा क्षेत्रमा पर्ने जिकिर गर्दै यस सम्बन्धमा यकिन नगरी काम अघि नबढाउन अनुरोध गरिएको छ । सडक आयोजनाले त्यस विषयमा नापी कार्यालय र विभागलाई समेत जानकारी गराएको थियो ।

यस क्षेत्रमा भारतीय सीमातर्फका बीचमा नेपालीकै जग्गा रहेको र खेतीपाती पनि भइरहेकाले काम अघि बढाइएको समितिलाई आयोजना प्रमुख मूलले जानकारी दिए । आयोजनाले निर्माणका क्रममा भएको अवरोध चाँडो खुलाउने कार्यलाई चुनौतीका रूपमा लिएको छ । आयोजनाका अनुसार विवादका सम्बन्धमा सम्बन्धित मन्त्रालयमार्फत कूटनीतिक रूपमा पहल हुनुपर्छ । सीमास्तम्भ नम्बर ३८ को स्थान यकिन गरेर समस्याग्रस्त क्षेत्रको छिनोफानो गरी निर्माणअघि बढाउन निर्देशनालयले सम्बन्धित सबैको सहयोगको अपेक्षा गरेको छ । सडक अन्यत्र सार्दा नयाँ रेखाङ्कन मात्र नभइ मुआब्जासमेतको उल्झन बढ्ने भएकाले सरकारको ठोस् निर्देशन आएपछि आयोजना कार्यालयले काम अघि बढाउने विषय पनि प्रमुख मूलले संसदीय समितिलाई सुनाए । त्यस खण्डमा राजमार्गको भौतिक प्रगति ८० प्रतिशत भइसकेको जनाइएको छ ।

त्यस्तै राजमार्गको शुक्लाफाँट राष्ट्रिय निकुञ्ज क्षेत्र अर्थात् तेस्रो खण्डको २० किमी क्षेत्रमा निर्माणको सुरुआती अवस्थादेखि वातावरणीय अध्ययन पूरा गरेर काम अघि बढाइएको छ । त्यसमध्ये १५ किमी क्षेत्र निकुञ्ज क्षेत्रमा पर्छ जहाँ निर्माण अघि बढाउन विभिन्न प्रावधान छन् । त्यहाँ निर्माण सामग्री सङ्कलन, दिनमा मात्रै काम गर्नुपर्ने बाध्यता छ । त्यस क्षेत्रमा निर्माण उपकरण लैजान पनि अप्ठेरो छ । हरेक पटक सुरक्षा निकायलाई निर्माणसम्बन्धी तथ्यतथ्याङ्क दिनुपर्ने अवस्था छ । सुरुमा राजमार्गका लागि चार दशमलव पाँच अर्ब रुपैयाँको बजेट सुनिश्चितता भएकामा अहिले करिब १० अर्ब रुपैयाँ आवश्यक छ ।

# जनप्रतिनिधिका लागि दलभन्दा ठूला जनता हुन्: कार्की



"

*'जनप्रतिनिधि सबै बसेर विभिन्न समस्या र चुनौतीको समना एवं समाधानका लागि छलफल गर्ने अभ्यास कम छ । तर सदन दलहरूबीचको वक्तृत्वकलाको प्रतिस्पर्धाजस्तो हुँदै आएको छ ।'*

***डा.चन्दा कार्की (भण्डारी)***
*प्रतिनिधिसभा सदस्य*

- *जनताको हितका लागि सबै दल एक हुनुपर्छ*
- *दलीय ह्वीपकाकारणसांसद स्वतन्त्र हुन सकेनन्*
- *जनभावना अनुसार काम गर्न नेतृत्व चुक्यो*
- *सबै समस्याको मूल जड नै भ्रष्टाचार हो*

**काठमाडौँ ।** प्रतिनिधिसभा सदस्य डा चन्दा कार्की (भण्डारी)ले जनप्रतिनिधि जनतामा मुद्दामा दलभन्दा माथि उठ्न सक्नुपर्ने बताएकी छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद डा कार्कीले देश र जनताको हितका लागि सबै राजनीतिक दल एक ठाउँमा उभिनसक्नु पर्ने बताइन् । 'हामी किन दलभन्दा माथि उठ्न सक्दैनौँ ? दलले गलत कुरा गर्छ भने त्यसको विरोधमा उत्रिनुपर्छ । उनले भनिन्, 'तर कुनै पनि दलले देश र जनताको हितमा बोल्छ भने एक भएर काम गर्नसक्नुपर्ने हो ।'दलीय ह्वीपका कारण पनि सांसद स्वतन्त्र निर्णय गर्न नसक्ने अवस्था रहेको उनको भनाइ छ । 'सातवटा प्राज्ञिक प्रतिष्ठानमा उच्च पदाधिकारीको चयन भइरहँदा ३२ पदाधिकारीमा एकजना महिला पर्नुभएन । योग्य र क्षमतावान महिला नभएका भने होइनन्', संसदीय अभ्यासको एक वर्षको अनुभूति साट्दै उनले सुनाइन्, 'त्यही कुरा सदनमा उठाउँदा मेरो पार्टीका सांसदमात्र सहमत हुने र अन्य दलका महिला सांसद त्यसमा समर्थन जनाउन सक्नुहुन्न, किनकि उनीहरुलाई पार्टीको ह्वीप लाग्छ ।'अर्कातर्फ उनले संसदभित्रै पनि महिला सांसदपछि पार्न खोजिएको महशुस हुने बताइन् ।'हामी दुई सय बढी सांसद छौँ । तर काम गर्ने बेला अरु सबै सांसद निरीह भएर बसेको हुन्छ' उनले भनिन्, 'अग्रभागमा पुरुषहरूमात्र छन् । महिलाहरू नगन्य छन् । महिलालाई अगाडि आउन दिइएको छैन । त्यही पार्टीको १०–१५ जनाले निर्णय गर्ने र सदन चलाउने हो भने राज्यले दुई सय ७५ जनामा किन खर्च गर्नु ?'प्रसूति एवं स्त्रीरोग विशेषज्ञका रूपमा ३५ वर्ष सेवा गरेकी डा कार्कीका लागि यो पहिलो संसदीय अभ्यास हो । स्वास्थ्य सेवामा लामो समय बिताएकी उनी राजनीतिक गतिविधिसँग अभ्यस्त भए पनि यसअघि आफूसँग राजनीतिका लागि समय नभएको जानकारी दिइन् । 'मैले राजनीति गर्छु भनेर सोचेको थिइनँ । यो एउटा सुन्दर संयोग थियो' उनले भनिन् । सरकारी चिकित्सकका रूपमा १५ वर्ष देशका विभिन्न स्वास्थ्य सस्थामा काम गरेकी डा कार्कीले पछिल्ला समय काठमाडौँ मेडिकल कलेजको प्रधानाध्यापक, प्रमुख कार्यकारी अधिकृत र वरिष्ठ प्रसूति एवं स्त्रीरोग विशेषज्ञको भूमिकामा २१ वर्ष काम गरिन् । उनले भनिन्, 'उक्त कलेज खरिद बिक्रीका क्रममा मैले राजीनामा दिएँ । त्यही बेला नयाँ राजनीतिक पार्टी रास्वपाको उदय हुँदै थियो, उनीहरूसँग कुराकानीका क्रममा समाज र देशलाई केही दिन सक्छु भन्ने हुटहुटीले जोडेको हो । मेरो राजनीतिक यात्रा त्यहीँबाट सुरु भयो ।'रास्वपाबाट समानुपातिक सांसद डा कार्कीले विधायिकाको रूपमा पहिलो वर्ष सिकाइ र अध्ययनमा धेरै केन्द्रित भएको जानकारी दिइन् । विधायिकाका लागि अध्ययनशील बानीको विकास अनिवार्य भएको उनको बुझाइ छ । 'म राजनीति गरेरै यहाँसम्म आएको होइन । तर चिकित्सकीय भूमिकामा मात्र होइन, जनप्रतिनिधिका रूपमा पनि धेरै अध्ययन जरुरत देखेँ । संविधान, प्रतिनिधिसभाका नियमावली, संसदीय अभ्यास र सम्बन्धित प्रचलित ऐन कानुन अध्ययन गर्न समय खर्चिएँ', उनले भनिन्, 'अध्ययनसँगसँगै संसदीय अभ्यास गर्यौं र नयाँ पार्टी भएकाले पार्टी विस्तारमा पनि केही समय खर्चिएकै हो ।'६५ वर्षीया सांसद कार्कीले एक वर्षको संसदीय अनुभवलाई सिकाइका दृष्टिकोणबाट अर्थपूर्ण रहेको बताइन् । राज्य व्यवस्था तथा सुशासन समितिको सदस्यसमेत रहेकी सांसद कार्कीले कानुन निर्माणमा आफूले कुनै पनि प्रयासमा नचुकेको दाबी गरिन् । तर सदनबाट एक वर्षमा एक विधेयकमात्र पास भएकोप्रति भने उनी सन्तुष्ट छैनन् । उनले विशेषत स्वास्थ्य, शिक्षा र भ्रष्टाचार सम्बन्धित विषयमा सदनमार्फत सरकारको ध्यानाकर्षण गराउँदै आएकी छन् । भ्रष्टाचार नै समस्याको मूल जड भएको उनको भनाइ छ । उनले भनिन्, 'स्वास्थ्य, शिक्षा र रोजगारीको प्रवर्द्धन गर्नुपर्ने राज्य नै भ्रष्टाचारमा लिप्त हो कि भन्ने आशङ्का आमजनतामा उब्जिएको छ । विद्यमान समस्या र चुनौती कसरी समाधान गर्ने भन्नेमा कसैको ध्यान छैनजस्तो देखिन्छ ।'आमजनतामा सरकार र समग्र नेपाली राजनीतिक दलप्रति अविश्वासको खाडल बढ्दै गएकोप्रति उनले चिन्ता व्यक्त गरिन् । जनभावनाअनुरुप काम गर्न अहिलेको नेतृत्व चुकेको उनको बुझाइ छ । उनले भनिन्'जनप्रतिनिधि सबै बसेर विभिन्न समस्या र चुनौतीको समना एवं समाधानका लागि छलफल गर्ने अभ्यास कम छ । तर सदन दलहरूबीचको वक्तृत्वकलाको प्रतिस्पर्धाजस्तो हुँदै आएको छ ।' उनले संसद्को विभिन्न समयमा जनसरोकारका विषयप्रति सरकारको ध्यानाकर्षण गराए पनि सम्बोधन हुन नसकेको बताइन् । 'स्वास्थ्यमा यस्ता धेरै विषय उठाए जुन सुन्दा सामान्य लागे पनि त्यसको गहिरो प्रभाव आममानिसमा परिरहेको छ, त्यस्ता विषयमा राज्य गम्भीर बन्न सकिरहेको छैन' उनले भनिन्, 'आफू सरकारमा नहुँदा 'डेलिभर' गर्न ग्राह्रो छ । बोल्दामात्र सरकारले कति विषय सुन्दैन, कतिपय अवस्थामा निरीह महसुस हुन्छ ।' उनले स्वास्थ्य क्षेत्रको सुधारका लागि प्रणालीको विकास गर्नुपर्नेमा जोड दिइन् । सरकारी अस्पतालप्रति जनताको विश्वास आर्जन गर्न स्वयं नेतृत्वले सरकारी अस्पतालबाट सेवा लिनुपर्ने उनको भनाइ छ । 'यदि हाम्रो स्वास्थ्य संस्था सुधार्नु छ भने देशका शीर्षनेता एवं उच्च पदाधिकारीलाई देशभित्रकै सरकारी अस्पताल जानुपर्ने कानुन निर्माण गर्नुपर्ने कुरा उठाउँदै आएको छु' उनले भनिन् । शिक्षा र स्वास्थ्य क्षेत्रमा राजनीतिको प्रवेशले धेरै कुरा बिग्रिएको उनको धारणा छ । उनले वास्थ्यमा दरबन्दी थप्ने, स्वास्थ्यकर्मीको पारिश्रमिकमा मूल्याङ्कन र समीक्षा गर्नुपर्ने बताइन् । उनले स्वास्थ्य बीमालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै चिकित्सक एवं स्वास्थ्यकर्मीप्रतिको बुझाइमा सकारात्मक सोच आवश्यक भएको बताइन् । 'स्वास्थ्य संस्था राम्रो हुन चिकित्सकमात्र आवश्यक छ भन्ने बुझेका छौँ । तर स्वास्थ्य संस्था भनेको पियनदेखि सबै स्वास्थ्यकर्मी जरुरत हुन्छ', उनले भनिन्,'चिकित्सा शिक्षाको महँगो शुल्क नघटाउने तर स्वास्थ्यकर्मी र चिकित्सकको पारिश्रमिक एवं सेवा–सुविधालाई नहेरिदिँदा उनीहरुलाई प्रोत्साहन मिल्दैन ।' साथै उनले संसदीय तालिका बनाएर काम गर्नुपर्ने उल्लेख गर्दै भनिन्, 'हामीले संसद्मा पटक–पटक 'क्यालेण्डर'को माग गरिरहेका छौँ । यो वर्षमा हामीले के–के काम गर्छौं, त्यसको तालिका त हुनपर्यो नि । जनतालाई भेट्न देशका दूरदराज पुगिरहँदा यहाँ सदन सुरु भएको थाहा हुँदैन । कतिपय अवस्थामा बिहान ११ बजे बोलाएर बैठक साँझ ५ बजेसम्म बस्न सक्दैन ।'महोत्तरीको औरहीमा जन्मिएकी उनले विद्यालयको प्राथमिक शिक्षादेखि उच्च शिक्षा हासिल गर्न र चिकित्सक बन्न धेरै सङ्घर्ष गर्नुपर्यो । 'छोरीलाई पढाउनु हुँदैन भन्ने त्यो समयबाट चिकित्सा क्षेत्रको उच्च पदाधिकारी तहसम्मको मेरो यात्रा अवश्य पनि सहज थिएन' उनले बताइन् । कक्षा ७ मा अध्ययन गर्दैगर्दा आमाको उपचारका लागि काठमाडौँ आएपछिका दिनको स्मरण गर्दै उनले भनिन्,'त्यो समयमा गाउँमा स्वास्थ्यकर्मीको अभावका कारण आमाको उपचारका लागि काठमाडौँ आउन बाध्य भयौँ । काठमाडौँमा मधेसको केटी भनेर भर्ना लिन मानेन । मेरो मामाले पद्मकन्या डिल्लीबजारमा जसोतसो भर्ना गर्दिनुभयो ।'विद्यालय जीवनमा सधैँ प्रथम भएकी उनले देशभित्रै पर्याप्त रोजगारी र सुनिश्चित भविष्यको आधार नबनाएसम्म युवा विदेश पलायन रोक्न नसकिने गुनासो गरिन् । 'नेताज्यूहरूले जेल गएको आन्दोलनको अनुभव सुनाउँछन् । उनीहरुको राजनीतिक कर्मसँगसँगै हामी जनताले भोग्नुपरेका अनुभुति पनि कम छैनन् जस्तो लाग्दछ मलाई' उनले भनिन्, 'रोजगारीको अभावमा नेपालीहरू विदेशिन बाध्य छन् । मेरै बालबच्चा बाहिर जान्छन् मैले रोक्न सक्दिनँ । यहाँ रोजगारी र भविष्य सुनिश्चित गर्नसके कसलाई आफ्नो सन्तान बाहिर पठाउन मन हुन्छ ?'

# राजनीतिक मुद्दामै अल्झियौँः मन्त्री

रासस

काठमाडौँ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले विकास र समृद्धिका लागि केन्द्रित हुनुपर्नेमा मुलुक अझै पनि राजनीतिक एजेण्डामै अल्झिरहेको टिप्पणी गरेकी छन् । गोरखापत्र संस्थानको प्रकाशन 'दि राइजिङ नेपाल'को ५८औँ वार्षिकोत्सवका अवसरमा मन्त्री शर्माले अबको मुद्दा विकास र समृद्धिमा केन्द्रित हुनुपर्नेमा जोड दिइन् । 'विकास र समृद्धिमा लाग्नुपर्नेमा हामी अहिले पनि राजनीतिक मुद्दामै केन्द्रित भइरहेका छौँ । राजनीतिक दल, जनवर्गीय सङ्गठन लगायतले यो कुरा बुझ्न जरुरी छ । अहिले राजनीतिक परिवर्तनको मुद्दामा छैनौँ' उनले भनिन् । उनले सञ्चारमाध्यमले पनि जिम्मेवारीपूर्वक भूमिका बहन गर्नुपर्नेमा जोड दिइन् । पछिल्लो समय सूचना–प्रविधि र सामाजिक चेतनामा आएको परिवर्तनका आधारमा हामी अगाडि बढ्न सक्नुपर्ने उनको भनाइ थियो । जनताको चाहना र आकांक्षा सरकारसम्म पु¥याउने र सरकारले गरेका कामको जानकारी सर्वसाधारणलाई गराउने जिम्मेवारी सञ्चारमाध्यामको भएको भन्दै उनले भनिन्,'सरकारी सञ्चारमाध्यमले सरकारको गुणगान मात्रै गाउँछन् भन्ने बुझाइ चिर्न जरुरी छ । जनताका आशा, अपेक्षा, गुनासाबारे सरकारलाई जानकारी दिने, जनताका आवाज बुलन्द गर्न सक्नुपर्ने र समाजमा जनचेतना फैलाउन सक्नुपर्छ ।'सरकारी सञ्चारमाध्यम र त्यसमा पनि छापामाध्यमले दिने सामग्रीमा सुधार गर्न सकिएन भने अहिलेको डिजिटल युगमा प्रतिस्पर्धा गर्न नसकिने उनको भनाइ छ । मन्त्री शर्माले अब सरकारी सञ्चारमाध्यमले विशिष्टिकृत सामग्री उत्पादनमा ध्यान दिनुपर्ने बताइन् । कुनै क्षेत्रगतरुपमा नेतृत्व गर्ने गरी समाचार सामग्री दिन सकेमा मात्रै छापामाध्यमले आफ्नो अस्तित्व जोगाउन सक्ने उनको बुझाइ थियो । 'अहिले नेपाली युवा विभिन्न बाहनामा विदेशिनेक्रम बढेको छ । यस्तो अवस्थामा सञ्चारमाध्यमले देशमै बसेर केही गर्न सकिन्छ भनेर सामग्री सम्प्रेषण गर्न आवश्यक छ' उनले भनिन्, 'अन्तर्राष्ट्रिय मञ्चमा नेपाल सहभागी हुँदै गर्दा आफ्नो आवाज के हो भनेर उठाउने, असुरक्षित वैदेशिक रोजगारका विषय उठाउनेलगायत विशिष्टीकृत सामग्री आउनसके प्रतिस्पर्धा गर्न सकिन्छ ।'सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउतले गोरखापत्र एक सक्षम सार्वजनिक संस्थानका रुपमा अघि बढ्न सक्नुपर्ने बताए । संस्थानअन्तर्गतका प्रकाशनमा आबद्ध सञ्चारकर्मीको क्षमता अभिवृद्धि गरी गुणस्तरीय



समाचार सामग्री उत्पादनमा ध्यान दिनसक्नुपर्नेमा पनि उनले जोड दिए । 'अन्तर्राष्ट्रिय जगत्मा नेपालबारे सही बुझाइ र भाष्य स्थापित गर्ने 'दि राइजिङ नेपाल'को महत्वपूर्ण भूमिका छ । आगामी दिनमा देशभित्रको आर्थिक, सामाजिक सांस्कृतिक कुरा, अतिकम मुलुकका रुपमा नेपालले उठाउनुपर्ने मुद्दा, रुपमा जलवायु परिवर्तनका मुद्दा, 'डिजिटल डिभाइड'का विषय पनि उठाउनुपर्ने देखिन्छ' उनले भने । गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदीले पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग बढ्दै जाँदा पत्रकारिता पेसामाथि चुनौती थपिएको बताए । 'आम सर्वसाधारणालाई पत्रकारिता के हो ? र पत्रकार को हुन् ? भन्ने बुझाउन सकिएको छैन । सही सूचना कसरी प्राप्त गर्न सकिन्छ भन्नेबारेको सञ्चारमाध्यम साक्षारतामा हामी कमजोर छौँ । यो हाम्रा लागि चुनौतीको विषय हो' उनले भने । गोरखापत्र संस्थान पूर्वाधारका हिसाबले निकै कमजोर रहेकाले सहयोगका लागि उनले सरकारसँग आग्रहसमेत गरे । 'सरकारलाई गुण लगाउँदै आएको र सेवा गर्दै आएको संस्थानको भौतिक संरचना राम्रो छैन । भूकम्पपछि भूगोल पार्कमा रहेको भवन जोखिमपूर्ण भनिएकामा अहिले पनि कर्मचारीले सोही जीर्ण भवनमा बसेर काम गरिरहनु परेको छ । संस्थानको भवन पुनःनिर्माणका लागि सरकारसँग सहयोगका लागि आग्रह गर्दछु' उनले भने । पछिल्ला वर्षमा गोरखापत्र संस्थानअन्तर्गतका प्रकाशनको विज्ञापन र बिक्रीबापतको आम्दानी बढेको पनि उनले जानकारी दिए । नेपालको पहिलो अङ्ग्रेजी ब्रोडसिट दैनिक 'दि राइजिङ नेपाल' अङ्ग्रेजी पत्रकारिताको प्रतिष्ठित पाठशालाका रुपमा रहेको र यसले नेपालको संस्कृतिलाई विश्व समुदायसम्म पु¥याउन महत्वपूर्ण भूमिका खेलिरहेको उनको भनाइ छ । संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीले गोरखापत्र र 'दि राइजिङ नेपाल' दैनिक विशेष राजनीतिक परिस्थितिमा स्थापना भएको उल्लेख गर्दैयि प्रकाशनको विशिष्ट शैली र उद्देश्य रहेको बताए । त्यस्तै, पछिल्लो समय पत्रकारिताका आयाम र तौरतरिका फेरिँदै गएको उल्लेख गर्दै उनले समायानुकूल हुने गरी सुधार गर्दै जानुपर्ने बताए । 'अब सूचना दिनुमात्रै पत्रकारिता हो भन्ने बुझाइमा परिवर्तन गर्न आवश्यक छ । नागरिकले के चाहन्छन् भनेर बुझिएन भने पत्रकारिता नै नरहने अवस्था आउँदैछ । पत्रकारिताको फेरिँदो आयामलाई समातेर जान सकिएन भने हामीलाई चुनौती छ' उनले भने । डिजिटल प्रविधि क्षेत्रको विकास र डिजिटल सञ्चारमाध्यमको विस्तार हुँदै जाँदा अहिले छापामाध्यम ओझेल हुँदै गएको उनकोभनाइ छ ।



# पाँच महिनामा सरकारी खर्च ४ खर्ब, आम्दानी ३ खर्ब

**मधेशदृष्टि**
**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८०÷८१ का लागि सरकारले ल्याएको वार्षिक बजेट कार्यान्वयनको अवस्था हेर्दा अपेक्षाकृत उपलब्धि हासिल हुन नसकेको देखिएको छ । महालेखा नियन्त्रक कार्यालयको दैनिक बजेटरी तुलनात्मक विश्लेषण अनुसार गत मंसिर मसान्तसम्ममा सरकारले गरेको आम्दानीभन्दा खर्च बढी देखिएको छ । यो अवधिसम्ममा वार्षिक लक्ष्यको २६ दशमलव ०७ प्रतिशत आम्दानी भएको छ भने २५ दशमलव ८७ प्रतिशत खर्च भएको छ । चालु आवका लागि सरकारले कूल १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँ बराबरको बजेट ल्याएको थियो । मंसिर मसान्तसम्म आइपुग्दा सरकारको बजेट खर्च चार खर्ब ५२ अर्ब ९९ करोड ५७ लाख रुपैयाँ अर्थात् वार्षिक लक्ष्यको २५ दशमलव ८७ प्रतिशत रहेको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार पहिलो पाँच महिना अवधिमा चालु खर्च ३१ दशमलव ५३, पुँजीगत खर्च ११ दशमलव ९४ र वित्तीय व्यवस्थातर्फको खर्च १८ दशमलव ५२ प्रतिशत छ । चालु आर्थिक वर्षका लागि चालु शीर्षकमा ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख रुपैयाँ बराबरको बजेट ल्याइएकोमा मंसिर मसान्तसम्ममा तीन खर्ब ५९ अर्ब ९९ करोड ५७ लाख रुपैयाँ बराबर खर्च भएको छ । पुँजीगत शीर्षकमा तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख रुपैयाँ बराबरको वार्षिक बजेट रहेकामा हालसम्म ३६ अर्ब छ करोड तीन लाख रुपैयाँ बराबर मात्रै खर्च भएको छ । त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा तीन खर्ब सात अर्ब ४५ लाख ३६ हजार रुपैयाँ बराबर वार्षिक विनियोजन रहेकामा हालसम्म ५६ अर्ब ९३ करोड ९७ लाख रुपैयाँ बराबर खर्च भएको छ । चालु आवको पहिलो पाँच महिना अवधिमा सरकारको राजस्व सङ्कलन पनि लक्ष्यअनुसार हुन सकेको देखिँदैन । चालु आवका लागि कूल १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख रुपैयाँ बराबर राजस्व उठाउने सरकारी लक्ष्य रहेकामा हालसम्म वार्षिक लक्ष्यको २६ दशमलव ०७ प्रतिशत अर्थात् तीन खर्ब ८३ अर्ब ९२ करोड ४२ लाख रुपैयाँ बराबर मात्रै राजस्व सङ्कलन भएको छ । यो अवधिसम्मको सरकारको आयव्ययको विश्लेषण गर्दा आम्दानीको तुलनामा ६९ अर्ब सात करोड १५ लाख रुपैयाँ बढी खर्च भएको छ । अर्थात् पाँच महिना अवधिमा ६९ अर्बभन्दा बढीको बजेट घाटा सरकारले व्यहोरेको छ । सरकारले चालु आवमा कर राजस्वतर्फ १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख रुपैयाँ र गैरकर राजस्वतर्फ एक खर्ब १७ अर्ब छ करोड २१ लाख रुपैयाँ बराबर सङ्कलन गर्ने उद्देश्य राखेको छ । त्यस्तै ४९ अर्ब ९४ करोड ३० लाख रुपैयाँ बराबर वैदेशिक अनुदान उठाउने सरकारी लक्ष्य छ । चालु आर्थिक वर्षको सुरुआती पाँच महिना अवधिमा कर राजस्व सङ्कलन वार्षिक लक्ष्यको २५ दशमलव ८३ प्रतिशत अर्थात् तीन खर्ब ३७ अर्ब १८ करोड ६७ लाख रुपैयाँ छ भने गैरकर राजस्व सङ्कलन वार्षिक लक्ष्यको २२ दशमलव ४२ प्रतिशत अर्थात् २६ अर्ब २४ करोड २५ लाख रुपैयाँ बराबर छ । चालु आवको मंसिर मसान्तसम्ममा सरकारले दुई अर्ब ७५ करोड ८० लाख रुपैयाँ बराबर वैदेशिक अनुदान लिएको छ ।

# गाईपालनको आम्दानीबाट मन्दिरको खर्च व्यवस्थापन



**रासस**
**मोरङ ।**
मोरङको सुन्दरहरैँचा नगरपालिका–५ स्थित लक्ष्मीनारायण कृषि फार्मले उन्नत जातका गाईपालन गरी लक्ष्मीनारायण मन्दिरको खर्च व्यवस्थापन गर्दै आएको छ । । फार्ममा उन्नत जातका ५२ गाई रहेका छन् । दैनिक एक सय लिटरभन्दा बढी दुध उत्पादन हुने गरेको छ । दुध बिक्री गरेर हुने आम्दानीबाट मन्दिर सञ्चालन र व्यवस्थापन, धार्मिक अनुष्ठान तथा गरिब र असहायलाई भोजनको व्यवस्था गरिँदै आएको मन्दिरका अध्यक्ष एवं महन्त दाताराम भण्डारीले जानकारी दिए । उनकै सक्रियतामा गाई फार्म सञ्चालन गरिएको हो । फार्मले स्थानीय पाँच जनालाई रोजगारीसमेत प्रदान गरेको छ । उपभोक्तालाई शुद्ध एवं गुणस्तरीय दुध उपलब्ध गराएको अध्यक्ष भण्डारीले बताए । 'दुध बिक्रीबाट मासिक दुई लाख ७० हजार रुपैयाँ आम्दानी हुने गरेको छ' उनले भने, 'यसै आम्दानीबाट मन्दिरका पुजारीलाई मासिक १५ हजार रुपैयाँ उपलब्ध गराउँछौँ ।' गाईपालन गर्नका लागि वार्षिक ४० हजार रुपैयाँ तिरेर एक बिघा १० कठ्ठा जग्गा भाडामा लिएको अध्यक्ष भण्डारीले बताए । फार्मले बैंक कर्जा, दान, भेटीलगायत सहयोगबाट गाईपालनका साथै बाख्रापालनसमेत गरिरहेको छ । 'आश्राममा बस्ने भक्तजनलाई गौःसेवामा सहभागी गराउँदै आएका छौँ' महन्त भण्डारीले भने । गाईको नियमित हेरचाह, सरसफाइ, दाना, पानी, पराल, औषधोपचारलगायतमा रकम खर्च हुनेगरेको छ । लगानी वृद्धि गरी नश्ल सुधारसहित गुणस्तरीय गाई तथा बाख्रापालना गर्ने योजना रहेको अध्यक्ष भण्डारीले बताए । फार्मलाई राष्ट्रियस्तरको नमुना कृषि फार्मका रुपमा सञ्चालन गर्ने लक्ष्य रहेको उनको भनाइ छ । लक्ष्मीनारायण कृषि फार्मका सञ्चालक सङ्गीता पौडेल फार्मलाई राज्यले सहयोग गर्नुपर्ने बताउँछिन् । मन्दिरमा आश्रित भक्तजनले गाईको हेरचाह गर्ने गरेका छन् । फार्मले बैंकबाट झण्डै एक करोड रुपैयाँ ऋण लिएको छ । 'हामीले नाफा कमाउनेभन्दा पनि सेवाभावले फार्म सञ्चालन गरिरहेका छौँ' पौडेलले भने । सुन्दरहरैँचा नगरपालिकाका कृषि तथा पशुपक्षी शाखा प्रमुख किशोरकुमार कार्कीले चालु आर्थिक वर्ष २०८०÷८१ मा फार्मका लागि बजेट विनियोजन गरिएको जानकारी दिए । 'कार्ययोजना र लक्षसहित आए थप आवश्यक सहयोग र सहजीकरण गर्छौं' उनले भने । नगरपालिकाले गोठ सुधार कार्यक्रमअन्तर्गत अनुदान सहयोग गर्ने गरेको प्रमुख कार्कीले बताए ।

# स्वदेशमै मिल्यो आत्मसन्तुष्टी



**रासस**
**बागलुङ ।**
रोजगारी खोज्दै विदेशी भूमि पुग्ने सबैले पैसा कमाउँछन् भन्ने छैन । परदेशको काम आफू अनुकुल नहुँदा पैसा कमाउनभन्दा पनि ऋणको भारी बोकेर आउने पनि छन् । त्यसैमध्येका एक हुन्, जैमिनी नगरपालिका–५ बिनामारेका भोजबहादुर बोहोरा । रोजगारीका सिलसिलामा केही वर्ष कतार र मालदिभ्समा श्रम खर्चिएका उनी यतिबेला भने गाउँमै कृषि व्यवसायमा रमाइरहेका छन् । 'पैसा कमाउन विदेश त गइयो, तर भने जस्तो भएन । अहिले गाउँमै गरेको कृषि व्यवसायले आत्मसन्तुष्टि दिएको छ' बोहोराले सुनाए । बोहोरा विसं २०६४ सालमा रोजगारीका सिलसिलामा कतार पुगे । त्यहाँ उनले भने जस्तो काम पाएनन् । कतारमा एक वर्ष बिताउँदा पैसा कमाउनुको साटो ऋण बोकेर घर फर्किए । त्यसपछि उनी मालदिभ्स पुगे । त्यहाँ पनि तीन वर्ष काम गर्दा भने जस्तो पैसा जम्मा भएन । कतार र मालदिभ्समा काम गरेपछि उनलाई काम खोज्दै अर्को देश जान मन लागेन । त्यसपछि गाउँमै व्यवसायिक तरकारी खेती सुरु गरे । 'गाउँ फर्केर बाँझो जग्गामा व्यवसायिक खेती सुरु गरेको १२ वर्ष भयो, आम्दानी त यहाँ पनि असाध्यै राम्रो त छैन तर आत्मसन्तुष्टि भने मिलेको छ' उनले भने 'मालदिभ्समा कमाएको पैसा श्रीमतिलाई विदेश पठाउँदा खर्च भयो । श्रीमति फर्केर आइनन् । उतै घरजम गरिन । त्यसपछि फर्किर विदेश जान मलाई मनले दिएन । जे गरे पनि गाउँमै गर्छु भन्ने लाग्यो ।' त्यसपछि उनले दोस्रो विवाह गरे । श्रीमती र छोरासहितको तीन जनाको उनको परिवार अहिले कृषिमै निर्भर छ । उनले हाल छ वटा आधुनिक र परम्परागत प्लाष्टिक टनेलमार्फत गोलभेडा, काउली, ब्रोकाउली, मुला, केराउ, चना, बन्दा र सिमि फलाएका छन् । उनको फार्ममा कागती, सुन्तला, अमिलोलगायतका फलफूल पनि छन् । साथमा एउटा दुहुनो गाई, एउटा भैँसी, कुटानीपिसानी मेसिन, पाँच वटा बाख्रा र एक दर्जन कुखुरा पनि छन् । 'फार्म र परिवारको खर्च कटाएर केही रकम बचत समेत गर्न भ्याएको छु' उनले सुनाए । 'बोहोरा पशु तथा कृषि फार्म दर्ता'मार्फत उनले कृषि ज्ञान केन्द्र बागलुङबाट सात लाख रुपैयाँ अनुदान पाएका छन् । 'श्रीमती फूलमाया रानाले मलाई सहयोग गर्छिन, तरकारीसँगै दुध, बाख्रा पनि बिक्री भइरहेको हुन्छ' उनले भने, 'आम्दानी भइरहेकाले सजिलो भएको छ ।' बोहोराले १५ रोपनी आफ्नै जग्गामा मौसमी तथा बेमौसमी नगदेबाली लगाएका छन् । स्थानीय तहले तरकारी उत्पादनको बजार सुनिश्चित गरिदिए आफू जस्ता किसानलाई सहज हुने उनको भनाइ छ ।

# सिँचाइको विद्युत् महसुल नगरपालिकाले बेहोर्ने



**मधेशदृष्टि**
**सिरहा ।**
सिँचाइका लागि प्रयोग हुने विद्युत्को महसु स्थानीय तहले बेहोर्ने भएपछि यहाँका किसान खुसी भएका छन् । यहाँको खडक नगरपालिकाले किसानले खेती सिँचाइका लागि प्रयोग हुने विद्युत् महसुल बेहोर्ने निर्णय गरेपछि किसान खुसी भएको नगरप्रमुख जयप्रकाश चौधरीको भनाइ छ ।
चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमअनुरूप कृषि सिँचाइ मिटरको बिल नगरपालिकाले भुक्तानी गर्न लागिएको उनको भनाइ छ । नगरप्रमुख चौधरीले किसानलाई प्रोत्साहन गर्न तथा कृषि क्षेत्रमा आधुनिकीकरण गर्ने उद्देश्यले 'कृषि मिटरको विद्युत् महसुल भुक्तानी गर्ने कार्यक्रम' अन्तर्गत उक्त निर्णय गरिएको बताए । 'अहिलेसम्म कृषि सिँचाइको विद्युत् महसुल आफैले तिर्दै आएका थियौँ' वडा नं १० फूलबरीयाका किसान अशोक यादवले भने, 'अब नगरपालिकाले नै महसुल तिरिदिने भएपछि खेतीको लागत कम हुनेछ ।' वडा नं १ सिस्वाका किसान मञ्जिलादेवी मण्डलले नगरपालिकाको उक्त निर्णयले आफूहरुलाई सहज भएको बताए । 'समयमै वर्षा नहुँदा सिँचाइका लागि डिजेलपम्प चलाउँदा खर्च बढी हुन्थ्यो' उनले भने, 'सिँचाइका लागि विद्युत् निःशुल्क उपभोग गर्न पाउने भएपछि खर्च कम हुनेभएका छ ।' खडक नगरपालिकाले सुरु गरको 'कृषि मिटरको विद्युत् महसुल भुक्तानी गर्ने कार्यक्रम' स्थानीय सरकारले सञ्चालन गरेको योजनामध्ये नमुना भएको वडा नं ११ का सूर्यनारायण रामको भनाइ छ । खडक नगरकार्यपालिकाको गत मंसिर २६ गतेको बैठकले नगरपालिकाभित्रका सम्पूर्ण सडक बत्ती तथा कृषि सिँचाइ मिटरको बिल आगामी माघदेखि नगरपालिकाले भुक्तानी गर्ने निर्णय गरेको थियो । पुस मसान्तसम्मको महसुल किसान आफैँले भुक्तानी गर्ने र आगामी माघदेखिको महसुल नगरपालिकाले तिर्ने निर्णय भएको नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत चन्द्रप्रसाद चौधरीले जानकारी दिए । 'सिँचाइमा दिइने अनुदानले उत्पादन बढ्ने र किसानको आर्थिक अवस्थामा पनि सुधार आउने विश्वास लिएका छौँ' उनले भने, 'कृषि क्षेत्रको विकास र विस्तारका लागि नगरपालिकाले ठोस योजनासहित अघि बढेको छ ।'

# फ्रान्सका विदेशमन्त्रीद्वारा गाजामा युद्धविरामको आह्वान



**एएफपी**
**तेल अभीभ ।**
फ्रान्सका विदेशमन्त्री क्याथरिन कोलोनाले गाजा युद्धमा 'तत्काल र टिकाउ' युद्धविरामका लागि आह्वान गरेका छन् । युद्धग्रस्त प्यालेस्टिनी क्षेत्रको अवस्थाप्रति पेरिस 'गहिरो चिन्तित' बनेको भन्दै आइतबार विदेशमन्त्री कोलोनाले यस्तो आह्वान गरेका हुन् ।
कोलोनाले तेल अविवमा आफ्ना इजराइली समकक्षी एली कोहेनसँगको टिप्पणीका क्रममा भने, 'अत्यन्त धेरै सर्वसाधारण मारिएका छन्, अक्टोबर ७ को हमलापछि इजराइलले आक्रामकरूपमा दबाब दिँदा सम्पूर्ण क्षेत्रमा तनाव बढेको छ ।' इस्लामिक लडाकू समूह हमासका अनुसार गाजामा युद्धविरामका लागि इजराइल बढ्दो अन्तर्राष्ट्रिय दबाबमा परेको छ । गाजामा हमासविरुद्धको युद्धमा अधिकांश महिला र बालबालिकासहित १८ हजार आठ सयको मृत्यु भएको छ । इजराइली अधिकारीहरूको पछिल्लो आँकडाअनुसार हमासको हमलामा अधिकांश सर्वसाधारणहित करिब एक हजार एक सय ४० मानिसको मृत्यु भएको थियो । हमासले दुई सय ४० जनालाई बन्धकसमेत बनाएको थियो । मन्त्री कोलोनाले यौन हिंसामा परेकालगायत हमासको हमलाका पीडितहरूलाई बिर्सन नहुनेमा जोड दिए । 'भन्नु पर्दैन, फ्रान्स यी पीडित महिलाहरूको कुरामा विश्वास गर्छ', हमासको हमलाका क्रममा व्यापक यौन उत्पीडनको आरोपका बारेमा उनले भने, 'बलात्कार, अङ्गभङ्ग र यो अपवित्रता देख्नुपरेका मानिसहरूसँग फ्रान्सले विश्वास गर्छ ।'
यसैबीच मन्त्री कोहेनले लेबनानमा युद्ध रोक्नका लागि फ्रान्सले सकारात्मक र महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने बताएका छन् ।
इजराइल दक्षिणी लेबनानमा सशस्त्र समूह विशेषरूपमा शक्तिशाली इरान समर्थित हिजबुल्लाह समूहसँग नियमितरूपमा सीमापार गोलीबारीमा सामेल भएको छ । 'इजराइलको उत्तरी सीमामा अर्को मोर्चा सुरु गर्ने कुनै मनसाय छैन तर हामी आफ्ना नागरिकहरूको सुरक्षाका लागि जे गर्नुपर्छ त्यो गर्नेछौं', कोहेनले भने ।

# यू–१९ एसिया कपको उपाधि बंगलादेशलाई




**मधेशदृष्टि**
**काठमाडौँ ।**
एसीसी यू–१९ एसिया कप क्रिकेट प्रतियोगिताको उपाधि बंगलादेशले जितेको छ ।
आयोजक राष्ट्र संयुक्त अरब इमिरेट्स (यूएई) लाई एक सय ९५ रनको फराकिलो अन्तरले हराउँदै बंगलादेशले उपाधि जितेको हो । टस हारी पहिले ब्याटिङको निम्तो पाएको बंगलादेशले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर दुई सय ८२ रन बनाएको थियो ।
जवाफी ब्याटिङमा ओर्लिएको यूएईले भने २४.५ ओभरमै अलआउट हुनुअघि ८७ रनमात्र बनाउन सक्यो । पहिले ब्याटिङ गरेको बंगलादेशका लागि ओपनर ब्याट्सम्यान आसिकर रहमान एक सय २९ रनको योगदान गरे । उनले एक सय ४९ बलमा एक छक्का र १२ चौका प्रहार गरेका थिए । मोहम्मद रिजवानले ६० रन बनाए । उनले ७१ बलमा एक छक्का र चार चौका प्रहार गरे । अरिफुल इस्लामले पनि ५० रन जोडे । उनले ४० बलमा ६ चौका हिर्काएका थिए । यूएईका बलर आयमन अहमदले चार विकेट लिए । जवाफी ब्याटिङमा ओर्लिएको यूएईका लागि दुई ब्याट्सम्यानले मात्र दोहोरो अंकमा रन बनाउन सकेका थिए । ध्रुव परासरले अविजित २५ रन बनाए । ओपनर अक्षत राईले ११ रन जोडे ।
बंगलादेशका बलर मारुफ मृद्ध र रोहन्त बोर्सनले तीन–तीन विकेट लिएका थिए । बंगलादेशले भारतलाई र यूएईले पाकिस्तानलाई हराएर फाइनलमा पुगेका थिए ।

# सद्भाव र बन्धुत्व भावना प्रगाढ बनाऔँः राष्ट्रपति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रपति रामचन्द्र पौडेलले प्राचीनकालदेखि नै मिथिला क्षेत्रमा मनाइने विवाहपञ्चमी पर्वको सांस्कृतिक एवम् ऐतिहासिक महत्व रहेको बताएका छन् ।
विवाह पञ्चमीका अवसरमा शुभकामना सन्देश दिँदै उनले पर्वले सम्पूर्ण नेपालीमा राष्ट्रिय एकताको भावना जागृत गरी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावनालाई अझ प्रगाढ बनाउन सहयोग पु¥याउने विश्वास व्यक्त गरे । प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा साताव्यापीरूपमा मनाइने विवाहपञ्चमी महोत्सवअन्तर्गत वैवाहिक कार्यक्रमलाई मुख्य आकर्षणको केन्द्र मानिने उल्लेख गर्दै राष्ट्रपति पौडेलले यस दिन विवाह उत्सवमा बाजागाजासहित झाँकी, नाचगान प्रस्तुत हुने तथा जन्ती र डोला हेरिने परम्परा रहेको स्मरण गरे ।
राष्ट्रपति पौडेलले प्राचीन सांस्कृतिक पर्व विवाह पञ्चमीले मुलुकको सामाजिक तथा सांस्कृतिक विविधताबीचको एकता कायम गर्दै राष्ट्रिय एकताको भावना थप सुदृढ गर्न सबैलाई प्रेरणा मिलोस् भनी कामनासमेत गरे ।
उनले मौलिक संस्कृतिको संरक्षण एवम् संवर्द्धन गरी सबै नेपालीमा सभ्य र सुसंस्कृत समाज निर्माणका लागि अग्रसर हुन विवाह पञ्चमीले उत्प्रेरित गर्ने विश्वास व्यक्त गरे ।
राष्ट्रपति पौडेल सन्देशमा त्रेतायुगमा भगवान् श्रीराम र माता जानकीको शुभविवाह सम्पन्न भएको विशेष दिनको सम्झनामा मनाइने विवाह पञ्चमीका अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा शुभकामना प्रकट गरे ।

# महोत्तरीबाट जन्ती जनकपुर आए

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिलाको सांस्कृतिक पर्व विवाहपञ्चमी महोत्सवका जन्ती आइतबार बिहान महोत्तरीको मटिहानीबाट जलेश्वर हुँदै जनकपुर आएका छन् ।
शनिबार मटिहानी पुगेका भारतीय साधुसन्त एकरात श्रीलक्ष्मीनारायण मठ मटिहानीको आतिथ्यता ग्रहण गर्दै जलेश्वर हुँदै जनकपुर आएका हुन् । रामजानकी विवाह महोत्सवमा अयोध्याबाट जन्ती भई साधुसन्त जनकपुर आउने पुरानो परम्परा हो ।
महोत्सवमा अयोध्याका अतिरिक्त भारतका विभिन्न ठाउँबाट साधुसन्त आउने गरेका छन् ।
केही दशक पहिलेसम्म मङ्सिर शुक्लपक्ष लाग्नासाथै प्रतिपदाकै दिन भारतीय साधुसन्त मटिहानी हुँदै नेपाल प्रवेश गर्थे । यो तालिकामा पहिलो रात मटिहानी, दोस्रो रात जलेश्वर, तेस्रो रात महोत्तरीकै सहोडवा र चौथो दिन जनकपुर पुग्ने चलन थियो । यसक्रममा दिवा र रात्रिभोजनका स्थल निर्धारित भएबमोजिम स्थानीयले अहोभावले स्वागत गर्दै भोजन, विश्रामको चाँजो मिलाउने परम्परा रहेको पिपरा गाउँपालिकाको बनौली गाउँका ६५ वर्षीय वैद्यनाथ चौधरीले बताए ।
केही साधुसन्त पञ्चमीको एक दिनपूर्व मटिहानी पुग्ने र महोत्सवको मुख्य दिन पञ्चमी तिथिमा जलेश्वर हुँदै जनकपुर जान थालेका छन् । मेला उत्सवको आकर्षण घट्दै गएर सीमित सङ्ख्याका साधुसन्त र सर्वसाधारण श्रद्धालु आउने गरेका यात्राको बाटो क्षेत्र (मटिहानी–जलेश्वर–पिपरा–जनकपुर)का बासिन्दा बताउँछन् । कतिपय भारतीय साधुसन्त त आइतबार नै भिठ्ठामोड सीमानाकाबाट नेपाल प्रवेश गर्दै सोझै जनकपुर पुग्ने जनाइएको छ ।
जनकपुरधाममा सप्ताहव्यापी मनाइने रामजानकी महोत्सव त्रेतायुगमा अयोध्या नरेश दशरथ पुत्र श्रीराम र मिथिला (विदेह)का राजा शिरध्वज जनककी पुत्री सीताको मङ्सिर शुक्ल पञ्चमी तिथिका दिन विवाह भएको सम्झनामा मनाउँदै आइएको हो ।
हिन्दू परम्परामा श्रीराम विष्णुका अवतार र मर्यादा पुरुषोत्तम कहलिन्छन् भने सीता लक्ष्मीकी अवतार र आदर्श नारीका रूपमा पूज्य छन् ।
जनकपुरधाममा सम्पन्न गरिने महोत्सवको साप्ताहिक तालिकामा जनकपुर नगर दर्शन, फूलबारी लीला, धनुष यज्ञ, तिलकोत्सव, मटकोर र स्वयम्बर तथा विवाह र रामकलेवा विधि छन् ।
महोत्सवको मुख्य दिन आइतबार मङ्सिर शुक्ल पञ्चमीका दिन मध्याह्नपछि जनकपुरधामको विशाल रङ्गभूमि मैदानमा स्वयम्बर समारोह आयोजन हुँदैछ ।
रामसीताको स्वयम्बरपछि आइतबार नै राति जानकी मन्दिर परिसरभित्रको विवाहमण्डपमा राम–सीता, भरत–माण्डवी, लक्ष्मण–उर्मिला र शत्रुघ्न–श्रुतिकीर्तिको विवाह विधि सम्पन्न भएको जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताए ।
वर (दुलहा)हरु चारैजना अवध (अयोध्या) नरेश दशरथका पुत्र र बेहुलीहरूमध्ये सीता र उर्मिला विदेहराज शिरध्वज जनकका र माण्डवी तथा श्रुतिकीर्ति राजा जनकका भाइ कुशध्वजका छोरी भएका रामायणमा वर्णित छ ।
विवाहको भोलिपल्ट रामकलेवा विधिका दिन जन्ती भई आएका भारतीय साधुसन्तलाई मिष्टान्न भोजन गराइ वस्त्रआभूषण र दक्षिणा दिएर बिदाइ गरिने चलन छ ।
यी सबै विधिका मुख्य आयोजक जानकी मन्दिर व्यवस्थापन रहँदै आएको छ ।
विवाह महोत्सवमा जानकी मन्दिरका महन्थ राजा जनकको र जनकपुरकै राम मन्दिरका महन्थ राजा दशरथको भूमिकामा हुन्छन् । समारोहमा मैथिल परम्पराअनुसार जन्ती र घरगाउँले तथा सम्धीसम्धीबीचको हाँसख्याल ठट्टा सहभागीहरूका लागि मनोरञ्जक हुने गरेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका मैथिली भाषा साहित्य विषयका उपप्राध्यापक मनोज झाले बताए ।
प्राचीन मिथिलाको विवाह पद्धति, चालचलन र रीतिथिति सम्झाउने यो सांस्कृतिक पर्वको शाख ओइल्याउन दिन नहुने स्थानीयको भनाइ छ । यसका लागि नयाँ पिँढीका मैथिल युवाले अग्रसरता लिनपर्ने महोत्तरीकै बलवा नगरपालिकाको धमौरा बस्तीका बासिन्दा मैथिल संस्कृति र परम्पराका जानकार कामेश्वर झाको सुझाव छ ।

# १८ पाकेटमार समातिए

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरमा सीताराम विवाहपञ्चमी महोत्सवमा पाकेटमारी तथा अवान्छित गतिविधि गर्ने १८ जनालाई प्रहरीले पक्राउ गरेको छ । भीडभाडको मौका छोपी श्रद्धालु भक्तजनको पाकेट मार्ने तथा दुव्र्यवहार गर्ने १८ जनालाई नियन्त्रणमा लियएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवालेले जानकारी दिए । दिउँसो १ बजेसम्म पक्राउ परेका उनीहरुलाई जनकपुरधामस्थित गोपाल धर्मशालामा प्रहरी युनिट स्थापना गरी राखिएको छ । उनीहरुमाथि आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# उपराष्ट्रपतिद्वारा विवाहपञ्चमीको शुभकामना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले विवाह पञ्चमीका अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि र सु–स्वास्थ्यको कामना गरेका छन् ।
शुभकामना सन्देश जारी गर्दै उपपराष्ट्रपति यादवले हरेक वर्षको मङ्सिर शुक्लपक्ष पञ्चमी तिथिमा मनाइने विवाह पञ्चमी, २०८० का अवसरमा सनातन धर्ममा विवाह पञ्चमीको ठूलो महत्व रहेको भन्दै सबैलाई शुभकामना दिए ।
उनले ऐतिहासिक, सांस्कृतिक, धार्मिक र मौलिक अनुष्ठानहरूले सिङ्गो मानवजीवनलाई सत्यनिष्ठा, प्रेम, स्नेह, सहिष्णुता, मेलमिलाप, मैत्रीभाव, कुटुम्बभाव, भाइचारा आदिको सकारात्मक सञ्चार गर्ने विश्वास पनि व्यक्त गरे ।
उपराष्ट्रपति यादवले विवाहपञ्चमी मनाउँदै गर्दा धर्म, संस्कृति, रीतिरिवाज र परम्पराका नाममा पछिल्लो समय देखासिकी, विकृति र विसङ्गति मौलाउँदै गएको भन्दै त्यसलाई परित्याग गर्न सक्नुपर्ने पनि धारणा राखे ।
'लाखौँ रकम खर्चेर बनाइने महँगा पण्डाल, ठूलो परिमाणको अनाजबाट मूर्ति बनाउनेजस्ता आयातित र महँगा संस्कृतिले विवाह पञ्चमीको मौलिकता ओझेलमा पर्न सक्छ,' उनले भने, 'विवाह पञ्चमीलाई महोत्सवका रूपमा मनाउने तर यो दिन वैवाहिक सम्बन्ध कायम गर्न नहुने जुन भाष्यलाई पछिल्लो समय बढी प्रचारमा ल्याइएको छ त्यसले नकारात्मक सन्देश जान सक्छ, यसप्रति सबैजना सचेत र सावधान हुन अति जरुरी छ ।'

# विवाह पञ्चमी महोत्सवका झलकहरुः

तस्बिरः वीरेन्द्र रमण/मधेशदृष्टि





















